मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

‘धर्मका नाममा राजनीति हुनुहुँदैन’
समाचार–पृष्ठ ५ मा



वर्ष ३ | अंक ४ | २०८१ साल कार्तिक २८ गते बुधबार | Wednesday 13, November 2024 | सूर्योदय: बिहान ६:२३ बजे | सूर्यास्त: साँझ ५:१५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## रक्सौल विमानस्थल निर्माणको पहल

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत–नेपाल सीमामास्थित रक्सौल विमानस्थल सञ्चालनमा ल्याउन सरकारको निर्देशनअनुसार प्रशासनिक निरीक्षण र तयारी तीव्र पारिएको छ । जिल्ला प्रशासनदेखि राज्य तथा राष्ट्रियस्तरसम्मका अधिकारीहरू विमानस्थल शुरु गर्न जुटेका छन् ।
भारतको दिल्ली र दरभंगाबाट आएका अधिकारीहरूको टोलीले रक्सौल विमानस्थलको भौतिक निरीक्षण र सर्वेक्षण अध्ययन गरेको छ । भारतीय विमानपत्तन प्राधिकरण, नयाँ दिल्ली मुख्यालयका उपमहाप्रबन्धक (स्ट्रक्चर) प्रवीण कुमारको नेतृत्वमा आएको टोलीले रक्सौल विमानस्थलको रनवेबारे अध्ययन गरेको हो ।
प्रवीणले भने, ‘रक्सौलमा अहिले रहेको रनवे ठूलो बनाउनुपर्ने देखिएको छ, यसका लागि रनवे पश्चिमतर्फ बढाउने योजना छ, तर पश्चिममा नेपालको नदी तिलावे बगिरहेको छ, नदीमाथि पुल बनाइने वा कल्भर्ट प्रयोग गरेर रनवे विस्तार गरिने योजना छ ।’ उनले टोलीले के गर्दा उपयुक्त हुने भन्ने विश्लेषण गरिने जानकारी दिए । टोलीले नदीको गहिराइलाई नजिकबाट अवलोकन गरेर बुझ्ने प्रयास गरेको थियो ।
उनले भने, ‘सर्वेक्षणको अन्तिम चरण प्राविधिक विशेषज्ञ एजेन्सीमार्फत गरिनेछ ।’ प्रवीण कुमारसँगै दरभंगा एयरपोर्टका प्रबन्धक नीरज प्रकाश र उपमहाप्रबन्धक अश्विन कुमार पनि उपस्थित थिए । जमीनसम्बन्धी जानकारी दिन रक्सौलका अञ्चल कार्यालयका निरीक्षक सुमित कुमार र अमीन ग्यासुदिन अन्सारी पनि उपस्थित थिए । रनवे, सडक र सुरक्षा पोस्ट बनाउँदा आवश्यक जमीन उपलब्धताका सम्बन्धमा आवश्यक जानकारी दिइएको थियो । भारत सरकार रक्सौल विमानस्थल सञ्चालन गर्न सकारात्मक रहेको बताइएको छ ।
प्रधानमन्त्रीको विशेष प्याकेजमार्फत विमानस्थलका लागि अग्रिम २ सय ५० करोड रुपैयाँ उपलब्ध भएको छ । चाँडै रक्सौल विमानस्थल निर्माण शुरु हुने आसा गरिएको छ । यसअघि पूर्वी चम्पारणका जिल्ला अधिकारी सौरव जोरवालले विमानस्थल निरीक्षण गरेका थिए । स्थानीय विधायक प्रमोद कुमार सिन्हा र सांसद डा. संजय जायसवाल पनि विमानस्थल सञ्चालनका लागि पहल गरिरहेका छन् । विमानस्थल बन्दा चम्पारणसहित सीतामढी र सीमाका नेपालीलाई पनि राहत हुनेछ ।

## वर्ल्ड रेकर्ड बनाउँदै वीरगंज महानगर १० हजार किशोरीलाई आत्मरक्षा तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले एकसाथ १० हजार भन्दा बढी किशोरीलाई आत्मरक्षाका लागि बुधबार तालिम दिन लागेको छ । यो किशोरीलाई औपचारिक प्रशिक्षण मात्र नभएर महानगरको महत्वाकांक्षी योजना पनि हो । महानगरभित्रका कक्षा ६ देखि १२ सम्मका छात्रालाई तालिम दिन लागिएको महानगरपालिकाका प्रमुख राजेशमान सिंहले जानकारी दिए ।
बुधबार बिहान १० बजेबाट शुरु हुने प्रशिक्षण कार्यक्रममा वीरगंजका सामुदायिक, निजी विद्यालय र कलेजका १० हजार बढी छात्राको सहभागिता रहने उनले बताए ।
एकसाथ १० हजार भन्दा बढी किशोरीलाई आत्मरक्षाको तालिम दिएर वल्ड रेकर्डसहित गिनिज बुकमा धेरै किशोरीलाई एक साथ तालिम दिएर महानगरको नाम लेखाउने तयारीसमेत भएको उनले जानकारी गराए ।
यो तालिम सफलरुपमा सम्पन्न भए वीरगंजको नाम अन्तर्राष्ट्रियरुपमा चर्चित हुने भएकाले आमनगरबासीलाई कार्यक्रम सफल पार्न उनले आग्रह गरे । वीरगंज महानगरपालिकाको आयोजना तथा नेपाल भारत सहयोग मञ्चको समन्वयमा भारतका ख्यातिप्राप्त मार्शल आर्ट प्रशिक्षक डा. चिता यजनेश शेट्टीलाई बोलाएर सहभागीलाई प्रशिक्षण दिन लागिएको महानगरका उपप्रमुख इम्तियाज आलमले जानकारी दिए ।
आदर्शनगर रंगशालामा हुने प्रशिक्षणको सम्पूर्ण तयारी भइसकेको र छात्रा ल्याउने लैजाने व्यवस्थासहित सुरक्षाको व्यवस्था मिलाइसकिएको महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले जानकारी दिए ।
भारतबाट आएका प्रशिक्षक शेट्टी अभिनेता, निर्देशक, निर्माता, मार्शल आर्टिस्ट र फिटनेस प्रशिक्षक हुन् ।
ख्यातिप्राप्त प्रशिक्षकद्वारा दिइने तालिमले छात्रा (किशोरी) आत्मरक्षाका लागि सक्षम हुने विश्वास नेपाल भारत सहयोग मञ्चका अध्यक्ष अशोक वैधले व्यक्त गरे ।
पत्रकार सम्मेलनमा प्रशिक्षक शेट्टीले आफू नेपालका छात्रालाई प्रशिक्षण दिन आउन पाउँदा खुसी लागेको बताए ।
बुधबार हुन लागेको प्रशिक्षणलाई व्यवस्थित बनाउन महिला स्वयम्सेवीहरु खटाइएको छ ।



**राजेशमान सिंह**
**प्रमुख**
**वीरगंज महानगरपालिका**

वीरगंज महानगरपालिकाभित्रका कक्षा ६ देखि १२ सम्मका १० हजार भन्दा बढी किशोरीलाई एकसाथ आत्मरक्षाको तालिम दिएर वर्ल्ड रेकर्डसहित गिनिज बुकमा धेरै किशोरीलाई एक साथ तालिम दिएको इतिहास निर्माण पनि महानगरको लक्ष्य भएकाले सबैको सहयोग अपेक्षा गर्दछु ।




## राष्ट्रपति पौडेलद्वारा विश्व नेताहरूको उच्चस्तरीय सत्रलाई सम्बोधन

**धर्मेन्द्र झा**
**अजरबैजान ।**
राष्ट्रपति रामचन्द्र पौडेलले हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा ख्याल गर्न विश्व समुदायलाई आह्वान गरेका छन् । अजरबैजानको बाकु शहरमा कात्तिक २६ गतेदेखि शुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९ औँ सम्मेलन (कोप–२९) मा विश्व नेताहरूको उच्च स्तरीय सत्रलाई मङ्गलबार सम्बोधन गर्दै राष्ट्रपति पौडेलले यस्तो आह्वान गरेका हुन् ।
‘हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा सबैले ख्याल गरौँ, पर्वतीय मुलुकका सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले ती मुलुकमा मात्र होइन तल्लो तटीय मुलुकहरूलाई सङ्कटमा पु¥याउँछ भन्ने विश्वले बिर्सन हुन्न,’ राष्ट्रपति पौडेलले भने । उनले यसका लागि हिमालदेखि समुद्रसम्मको एकीकृत र समष्टिगत अनुकूलन अवधारणालाई औपचारिक संवादको विषय बनाउन समेत सो सम्मेलनमा प्रस्ताव गरे ।
साथै, नेपालले यसै अवधारणामा आधारित भई सगरमाथा संवाद कार्यक्रम सञ्चालन गर्न लागेको उनले जानकारी दिए ।
राष्ट्रपति पौडेलले आफू जलवायु न्याय र क्षतिपूर्तिको आवाज लिएर सम्मेलनमा सहभागी हुन आएको बताउँदै भने, ‘गोलाबारुदमा खर्च भइरहेको ठूलो स्रोतसाधन जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीरकण गर्दै मानव सभ्यताको बचाउमा उपयोग हुनुपर्दछ ।’ जलवायु परिर्वतनको मारबाट पृथ्वीनै सङ्कटमा रहेको उनले बताए । विशेष गरी गरिब, अल्पविकसित, विकासशील तथा साना टापु मुलुकहरू यसको पीडाबाट बढी प्रभावित रहेको उनको भनाइ थियो । ‘नगन्य कार्बन उत्सर्जन गर्ने तर व्यापक नकारात्मक असर भोग्नुपर्ने विरोधाभासपूर्ण अवस्थाबाट नेपाल गुज्रिरहेको छ,’ राष्ट्रपति पौडेलले भने ।
उनले नेपाल अहिले पनि जलवायुजन्य प्रकोपको आलो पीडामा रहेको बताए । हालैको बाढी पहिरो तथा हिमताल विष्फोटनलगायतका विपद्बाट सयौँ मानिसको मृत्यु र अर्बौंको भौतिक क्षति भएको र त्यसको पुनर्लाभ र पुनःस्थापना अझ भइनसकेको राष्ट्रपति पौडेलले जानकारी दिए । ‘विश्व समुदायको हित र पृथ्वीको रक्षाको लागि नेपालले प्राकृतिक स्रोतसाधनको उपयोगमा अनुशासन कायम राख्दै कार्बन उत्सर्जन न्यूनीकरणको महत्वाकांक्षी एनडिसी योजना कार्यान्वयन गरिरहेका छौँ, वन क्षेत्र बढाएका छौँ, स्वच्छ ऊर्जा उत्पादन र आपूर्तिमा जोड दिएका छौँ तथा अरु थुप्रै प्रयासहरु भएका छन्,’ राष्ट्रपति पौडेलले भने ।
उनले हाम्रा प्रयासका तुलनामा जलवायु परिवर्तनको असर व्यापक रहेकाले हाम्रासामु धेरै चुनौतीहरु छन् जसको सामाना गर्न हाम्रो क्षमताले पुग्दैन भने । ‘जलवायु अनुकूलन र उत्सर्जन न्यूनीकरणका लागि हामीले गरिबी निवारणमा छुट्याएको बजेट कटौती गर्नुपरेको छ, यसबाट हामीहरु झन अन्यायमा परेका छौँ, यसका लागि प्रदूषकले प्रदूषणबापतको क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्त व्यवहारमा लागू गर्नुको साथै उत्सर्जन घटाउनु पनि पर्दछ,’ राष्ट्रपति पौडेलले भने ।
जलवायु वित्त कोषहरूमा घोषणा गरिएको रकम अपुग त छँदैछ, घोषणा गरिएको रकम पनि जम्मा हुन नसक्नु, जम्मा भएको रकम पनि झन्झटिलो प्रक्रियाले गर्दा लक्षित समुदायमा सहज पहुँच हुन नसक्नु दुःखद् भएको उनको भनाइ थियो ।
‘जलवायु जोखिममा परेका विकाशील राष्ट्रलाई दिने गरी स्थापना भएको हानिनोक्सानी कोषलाई छिटो सञ्चालनमा ल्याउन म आह्वान गर्दछु, हिमाल, स्वच्छ पानी र जैविक विविधताको संरक्षणमा योगदान गर्ने नेपालजस्तो मुलुकको योगदानको मूल्याङ्कन र सोको भुक्तानीमा जोड दिन चाहन्छु,’ राष्ट्रपति पौडेलले भने ।
जलवायु वित्तबाट सञ्चालन हुने कार्यक्रम अनुदानका रुपमा राज्यकोषमार्फत सञ्चालन गर्नु उपयुक्त हुने उनको धारणा थियो । ‘पेरिस सम्झौताको बाध्यकारी व्यवस्था र विकसित राष्ट्रको प्रतिबद्धताअनुरूप प्रविधि हस्तान्तरण र क्षमता विकासमा यथेष्ट अनुदान रकम प्रदान गरिनुपर्दछ,’ राष्ट्रपति पौडेलले भने ।
उनले जलवायु न्याय, समता र क्षमताका आधारमा जलवायु वित्तका नवीन साझा परिमाणात्मक लक्ष्य निर्धारण गर्न र पृथ्वीको औसत तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न तथा हिमाली एवम् अल्पविकसित मुलुकहरुलाई जलवायु न्याय एवम् दिगो विकास सुनिश्चित गर्न सम्मेलनले ठोस प्रतिबद्धता गर्ने विश्वास व्यक्त गरे । सत्रमा अजरबैजानका राष्ट्रपति इलहाम अलियेफले स्वागत गरेका थिए भने संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टेरियो गुटरेसलगायत विश्वका विभिन्न राष्ट्रका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूले सम्बोधन गरेका थिए ।

## युवा संकल्प यात्रा सर्लाहीमा




**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाली कांग्रेसका युवा नेताहरूले शुरु गरेको युवा संकल्प यात्रा सर्लाही आइपुगेको छ । कात्तिक २३ गते झापाको मेची नगरबाट शुरु भएको यात्रा मंगलबार लालबन्दी पुगेको यात्रामा सहभागी नेविसंघ नेता विनोद शाही ठकुरीले जानकारी दिए ।
कांग्रेस युवा नेता भूपेन्द्रजंग शाहीको नेतृत्वमा जारी यात्रामा ४० भन्दा बढीको सहभागिता छ ।
नेविसंघ नेता विनोद शाहीका अनुसार टोली बुधबार वीरगंज पुग्ने छ । भ्रष्टाचार उन्मुलन र सुशासन, युवालाई रोजगारीको सुनिश्चितता, महँगी र मूल्यवृद्धि नियन्त्रणलगायत विभिन्न एजेन्डामा केन्द्रित रहेर पूर्व–पश्चिम संकल्प यात्रा शुरु भएको हो ।
सरकार नागरिकमैत्री हुनुपर्ने, नागरिकलाई सहज जीवनयापनका लागि राहत तथा सहुलियत दिनुपर्ने, हरेक क्षेत्रमा युवाको अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्ने तथा सहकारी पीडितलाई तत्काल राहत तथा बचत फिर्ता गरिनुपर्ने, उद्यमशीलता, नवप्रवर्तन तथा कृषिमा लगानी वृद्धि गरिनुपर्ने, सहकारी बचत ठगी गर्नेलाई कारबाही गरिनुपर्ने एजेन्डा पनि युवा संकल्प यात्रामा उठाइएको छ । झापा जिल्ला सभापति देउमान थेबेले पार्टीको झण्डा हस्तान्तरण गर्दै कार्यक्रम शुभारम्भ भएको हो ।
१० बुँदामा केन्द्रित अभियानमा नेता रञ्जीत कर्ण, भूपेन्द्रजंग शाही, प्रेमिका राना, सुमन गिरिलगायत ४० जनाको समूह रहेको विद्यार्थी नेता विनोद शाहीले बताए ।

## नगरपालिकामा लगाइएको ताला खुल्यो

**मधेशदृष्टि**
**सप्तरी ।**
हनुमाननगर कङ्कालिनी नगरपालिका र विभिन्न वडा कार्यालयमा लगाइएको ताला खुलेको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा नगरप्रमुख वीरेन्द्र माझी, वडाध्यक्षहरु, जिल्लास्थित सुरक्षा निकायका प्रमुख र बाढीपीडित आन्दोलनरत पक्षबीच भएको सहमतिअनुसार एक महिनापछि मंगलबार ताला खुलेको हो ।
असोज २५ गतेदेखि गरिएको तालाबन्दीले नागरिकमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दै अब यस्तो कार्य नगर्ने प्रतिबद्धतासहित ताला खोल्ने निर्णय भएको बैठकमा सहभागी हनुमाननगर कंकालिनी नगरपालिका–५ का अशोककुमार यादवले बताए । राहत वितरणमा पक्षपात गरेको भन्दै बाढी तथा डुबानपीडितले नगरका वडा नम्बर ५, ६, ७, १२ र १३ को वडा कार्यालयमा समेत तालाबन्दी गरिएको थियो । यसपछि सम्पूर्ण कामकाज ठप्प भई जनजीवन प्रभावित बनेको थियो ।
मंगलबारदेखि वडा कार्यालय र नगरपालिकाको सेवा शुरु गर्दै १० दिनभित्र नगरसभा गरी कर्मचारीको तलब भत्ता वितरण गर्नेसमेत सहमति भएको छ ।

हमरासभक बात : राष्ट्रिय समाचार समिति मैथिली भाषामें समाचार सुरु केने अछि । हमरासभक पाठकसभ, मैथिली समूदायके सेहो छनि । जाँहिकरण हमसभ हमरासभक पाठकसभसँग आत्मीयताक लेल मैथिली समाचार सुरु केने छि । अपनेँसभक सल्लाह, सुझाव आ प्रतिक्रियाक अपेक्षा करैत छिं । - सम्पादक

# उम्मेदवारक योग्यताके सम्बन्ध में प्रावधानके पालन करय के लेल आयोगके निर्देशन

**काठमाण्डू ।**
आगामी स्थानीय तह उपनिर्वाचनमे नामांकन होबय बला उम्मेदवारके योग्यता आ अयोग्यता सम्बन्धी प्रावधानके पालन करबाक लेल निर्वाचन आयोग राजनीतिक दल आ निर्वाचन अधिकारी कार्यालयके निर्देश देलक अइछ ।

आयोग २१ वर्ष आयु पूरा करय वाला, जिनकर नाम गाउँपालिका या नगरपालिका के सम्बंन्धित वार्ड के मतदाता सूची में शामिल अइछ, आ जे छइथ, हुनकर नामांकन पंजीकृत करबाक निर्देश देलक अइछ आओर कोनो कानून द्वारा अयोग्य नइभेल व्यक्ति ही उम्मेदवार के नामांकन करय के निर्देश देलक अइछ ।

आयोग के अनुसार स्थानीय तह के रिक्त पद के लेल नामांकन पत्र जमा करबाक निर्देश सेहो देलक अइछ, जतय कोनो पुरुष उम्मेदवार के गाउँपालिकाके अध्यक्ष या उपाध्यक्ष, नगरपालिका के प्रमुख या उपप्रमुख आ जिल्ला समन्वय समितिको प्रमुख या उपप्रमुख पद पर पुरुष उम्मेदवार निर्वाचित भ क कार्यभार सम्हाल रहल स्थानीय तहके खाली पद पर महिला उम्मेदवारके नामांकन पत्र जमा करय के निर्देशन सेहो देल गेल अइछ ।

स्थानीय निर्वाचन ऐन, २०७३ के दफा १२ के अनुसार आयोग अयोग्य, गैर नेपाली नागरिक या नेपाल के गैर नागरिक आ नेपाल सरकार, प्रदेश सरकार आ नेपाल सरकार या प्रदेश सरकार के स्वामित्व या नियन्त्रित संस्थाद्वारा नियोजित व्यक्ति अइछ या नेपाल सरकारके नियन्त्रण में या नेपाल सरकारसे अनुदान पाइल संस्थासँ पारिश्रमिक प्राप्त कयल वहाल रहवाला व्यक्ति स्थानीय तहके उपनिर्वाचनमे उम्मेदवार मनोनयन नइ कराबक लेल निर्वाचन अधिकृतके कार्यालयके निर्देशन देल गेल अइछ ।

तहिना, जे व्यक्ति स्थानीय तह या स्थानीय तह कें स्वामित्व या नियंत्रण मे छै या जे स्थानीय तहसँ अनुदान प्राप्त करय वाला संस्थासँ पारिश्रमिक प्राप्त कयल वहाल रहवाला व्यक्ति या प्रचलित कानून कें अनुसार सजा मिलला कें बाद दू साल तइक भुगतान नहि करय वाला व्यक्ति निर्वाचन के लेल, उम्मेदवार नै भ सकैत अछि, आयोग के प्रवक्ता नारायण प्रसाद सापकोटा कहलैन ।

भ्रष्टाचार, रंगदारी, मानव तस्करी आ तस्करी, नशा बिक्री, वितरण आ निर्यात या तस्करी, मनी लांड्रिंग, पासपोर्ट कें दुरुपयोग, अपहरण सं संबंधित अपराध या नैतिक अशुद्धता कें दर्शाबय वाला अन्य आपराधिक अपराधक कें लेल दोषी या कोनों अपराध कें लेल आजीवन कारावास या बीस साल या ओय सं बेसि जेल कें सजा जिनकर निर्णय अंतिम अछि ओकर नामांकन दर्ता नहि होयत ।

जे व्यक्ति कें संगठित अपराध सं संबंधित कोनों अपराध कें लेल जेल कें सजा भेटल छै या कर्तव्य सं संबंधित अपराध कें लेल बीस साल सं कम कें जेल कें सजा भेटल छै, आ जे ऐहन सजा पूरा करय कें तारीख सं छ साल पूरा नहि करय छै, ओ व्यक्ति जेकरा जातिगत भेदभाव आरू अछूतता, जादू टोना या बहुविवाह सबक संबंधित अपराध के लेल जेल के सजा मिलल छइ आरू ऐसन सजा काटै के तीन साल पूरा नै करल गेल अइछ, सेहो उम्मेदवार नहि बन सकैत अइछ ।

कानून के अनुसार कालोसूचि (ब्लैकलिस्ट) में शामिल व्यक्ति के नामांकन ब्लैकलिस्टिंग के अवधि में, कोनो अपराध के लेल जेल में बंद भेल व्यक्ति के जेल के अवधि में नामंकन नै होयत, जे मानसिक रूप स स्थिर नै अछि आ प्रचलित कानून के अनुसार अयोग्य ठहराओल गेल अइछ । आयोग के अनुसार जिला समन्वय समिति के उपचुनाव के मामला में प्रचलित कानून के अनुसार निलंबित अधिकारी उक्त अवधि के उम्मेदवार नै भ सकैत अइछ । विभिन्न कारणसँ स्थानीय तहके खाली पद पर अगाला अगहन १६ गते उपनिर्वाचन भरहल अइछ ।

ओहि दिन कुल ४४ रिक्त पद पर चुनाव होएत जाहि मे जिल्ला समन्वय समितिक प्रमुख दई, गाउँपालिकक अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक आ वार्ड अध्यक्ष ३४ वटा शामिल छइथ । उप निर्वाचन के लेल अगहन २ गते उम्मेदवारी दर्ता करय के कार्यक्रम अइछ. । अगहन ३ गते भोर १० बजे सँ दुपहर ३ बजे तक उम्मेदवार के खिलाफ उजुरी (शिकायत) दर्ता कएल जाएत, ओही दिन दुपहर ३ बजे के बाद नामांकन पत्र आओर शिकायत के जाँच क फैसला कएल जाएत, आओर उम्मीदवार के सूची अगहन ४ गते के सांझ ५ बजे सँ ६ बजे तक जारी कयल जाइत ।

अगहन ५ गते भोर ९ बजे सँ दुपहर १ बजे तक उम्मेदवार अपन नाम वापस ल सकैत छइथ ।

ओही दिन दुपहर १ बजे सँ ३ बजे तक अंतिम सूची प्रकाशित कैल जाएत आ ओही दिन दुपहर ३ बजेसँ सांझ ५ बजे तक उम्मेदवारक चुनाव चिन्ह उपलब्ध कराइल जाएत । निर्वाचन कार्यक्रम अगहन १६ गते भोर ७ बजेसँ सांझ ५ बजे तक होबय वाला अइछ ।

## लोपोन्मुख जलचर रक्षाक लेल राप्ती नदी सफाइ

**चितवन ।**
चितवन राष्ट्रिय निकुञ्जसँ जोइडक बहय वाला राप्ती नदीमे सफाइ कएल गेल अइछ ।

राप्ती नदी तटीय सरसफाइ अभियान सोमबार के दिन भरतपुर महानगरपालिका–२२ स्थित पटिहानीसँ भरतपुर महानगरपालिकाके अन्तिम बिन्दु गोलाघाट तक के नदी किनार सरसफाइ केने अइछ । नदी किनारमे मानवीय क्रियाकलाप बढ़लासँ चेतनाक लेल सरसफाइ कार्यक्रम आयोजन कएल गेल ।

करिब ३० किलोमिटरके दूरीमे भेल सरसफाइमे करिव दुई हजार आठ सय केजी फोहर सङ्कलन भेल, राप्ती सरसफाइ अभियानक संयोजक अपिल घिमिरे जानकारी देलैन । सिसा, प्लाष्टिक, कपडा, बोटल, धातुलगायत २७ किसिमके कचरा (फोहर) भेटल अइछ । अभियानले नदी क्षेत्रसँ २५ हजार मेट्रिक टन कचरा (फोहर) सङ्कलन भेल जानकारी देलैन । फोहर सङ्कलन करबाक लेल २१ हजार स्वयंसेवक परिचालन भेल ओ बतौलैन ।

राष्ट्रिय निकुञ्जसँ होकर बहैत अइ नदीमे लोपोन्मुख वन्यजन्तु, जलचरसमेत बहुत अइछ । मुदा मानवीय क्रियाकलापसँ हुनकासभकेँ असर भेल चितवन राष्ट्रिय निकुञ्जक प्रमुख डा. गणेश पन्त जानकारी देलैन । 'एत घडियाल गोइह जालमे फसल देखलौँ, मृगसभ प्लाष्टिक खा रहल देखाएल, गैँडालगायत जानवरके टाङमे सिसा गाड़ल देखेने छी,' ओ कहलैन, 'प्लाष्टिक तथा सिसाजन्य फोहरके कारण वनस्पतिकेँ सेहो असर होइ छै ।'

राप्ती नदीकेँ संरक्षण करबाक लेल लोकके व्यवहारमे परिवर्तन सङे कानुन निर्माणके आवश्यकता अइछ । सरसफाइ कार्यक्रममे निकुञ्जक कर्मचारी, नेपाली सेना, मध्यवर्ती सामुदायिक वनक प्रतिनिधि, टोल विकास संस्थाक प्रतिनिधि, विद्यार्थीलगायतके सहभागिता छल ।

## बिना बातकेँ अनावश्यक विवादके मुद्दा नै बनेबाक लेल प्रधानमन्त्री ओलीके आग्रह

**विराटनगर ।**
प्रधानमन्त्री केपी शर्मा ओली बिना बातके अस्तित्वहीन विषयकेँ अनावश्यक विवादक मुद्दा बनेबाक लेल नै मिलत बतौलैन अइछ ।

विराटनगरमे सोमबार के दिन साँझ पत्रकारसभके जिज्ञासामे ओ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)क विरोध आ आन्दोलन सरकारमे नै भेलाक पर होएबला छटपटी छी, कहलैन । प्रधानन्त्री ओली एखन अमेरिकी स्टेट पार्टनसिप प्रोग्राम (एसपिपी)के कोनो बात वा चर्चा नै भेल बतौलैन ।

संविधान संशोधनके लेल आयोग गठन हेत पुछल प्रश्नके उत्तर दैत प्रधानन्त्री ओली कहलैन, ई विषय संसद्के विषय भेलाके कारण आयोग गठन करए पड़बाक बात नै भेल जनौलैन । सरकारके निर्देशनबमोजिम नेपाल विद्युत् प्राधिकरण लाइन काटल उद्योगमे लाइन एखनो नै जोड़ल छै त ? पुछल प्रश्नमे प्रधानमन्त्री ओली कहलैन, 'नै जोड़ल छै त देखैत चलू । हमसभ उद्योग आ कलकारखानाकेँ काज करबाक आ आर्थिक समृद्धिक लेल आवश्यक काज करैत जाएब ।'

धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानके १३औँ दीक्षान्त समारोहसँ प्रधानमन्त्री ओली विराटनगर होइत काठमाण्डू घुरलाह ।

# 'जलवायु परिवर्तनसँ उत्पन्न समस्या समाधान करबाक लेले विश्व समुदायकेँ एकजुट बनए पड़त'

**जनकपुरधाम ।**
मधेश प्रदेशक मुख्यमन्त्री सतिश कुमार सिंह नेपालमे हरितपथ विकाशक लेल वैदेशिक लगानी हएब सकारात्मक पक्ष रहल बतौलैन अइछ ।

बेलायत सरकारक वातावरण मैत्री आर्थिक वृद्धि कार्यक्रमके टोली नेतासहितके अधिकारीसभसँ जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमे सोमबार केदिन भेल भेटघाटमे मुख्यमन्त्री सिंह बतौलैन, 'मधेश प्रदेशसहित देश जलवायु परिवर्तनके कारण पर्यावरणीय सङ्कट झेल रहल अइछ, एकर समाधानक लेल बेलायतसहित विश्व समुदाय एकजुट बनए पड़त ।'

मुख्यमन्त्री सिंह कम कार्बन उत्सर्जन करबाला देशके तइ वापत मिलैबला क्षतिपूर्तिके विषयमे अन्तर्राष्ट्रिय समुदाय गम्भीर होय पड़त, सङ्घीय सरकार एकर विषयमे अन्र्तराष्ट्रिय समुदायके ध्यानाकर्षण कराबैत आएल चर्चा केलैन ।

चुरिया संरक्षणक लेल पुनर्जलीयकरण आ जलपुनर्भरण क भूमिगत जलके सतह उपर आनब, मधेश प्रदेशके पूर्वसँ पश्चिम तक नदी जोडबाक योजनासँ पाइन (पानी) व्यवस्थापन करब, बगर जमीनके पुनः कृषि भूमि बनाएब, बाइढ़ व्यवस्थापन करैत सिँचाइके योजनामे प्रदेश सरकार काज करहल बताबैत मुख्यमन्त्री सिंह अइ योजनामे बेलायती सरकारसँ आवश्यक सहयोग करबाक लेल आग्रह केलैन ।

मुख्यमन्त्री सिंह प्रदेशक आवश्यकताअनुसार अपन आग्रहमे बेलायत सरकार गंदा (फोहर) व्यवस्थापन, पर्यटन विकासलगायत परियाजनाबारे अध्ययन करहल छैथ, तँ उच्च प्रशंसा करैत इनोभेसन सेन्टर, शिक्षकके लेल एड्भान्स तालिम केन्द्रलगायत क्षेत्रमे सहयोग करहल सेहो उल्लेख केलैन ।

मुख्यमन्त्री सिंह बतौलैन, 'ग्रीन ग्रोथ नेपाल बेलायत सरकारक नवका कार्यक्रम छी । यी कार्यक्रम सन् २०२४ सँ २०३१ धैर सञ्चालन हेत, जाहि कार्यक्रमसँ नेपालमे हरित, टिकाउ तथा समावेशी विकाशकेँ जोड़ देत ।'

कार्यक्रमसँ स्थायी आर्थिक नीतिकेँ मजबुत करैत हरित आ जलवायुमैत्री आधारभूत संरचना, हरित उद्योग आ सेवामे लगानी विस्तार करबाक मुख्यमन्त्री सिंह जानकारी देलैन । अइसँ नेपालक विकाशकेँ रेखाङ्कीत करैत प्राकृतिक सम्पदाके संरक्षण करबामे मद्दत करत ।

## राष्ट्रपति पौडेल कोप–२९ शिखर सम्मेलनकेँ आइ सम्बोधन करत

**काठमाण्डू ।**
राष्ट्रपति रामचन्द्र पौडेल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रसभके २९ औं शिखर सम्मेलन (कोप–२९) केँ आइ सम्बोधन करवाला छैथ ।

'विश्व नेतासभ जलवायु कार्य शिखर सम्मेलन' मे नेपालसँ राष्ट्रपति रामचन्द्र पौडेलके नेतृत्वमे सहभागित भेल अइछ ।

अजरबैजानक राष्ट्रपति इलहम अलियभके निमन्त्रणमे उक्त सम्मेलनमे सहभागी होबाक लेल राष्ट्रपति पौडेल काल्हि बाकु आइब गेल छैथ । सम्मेलन (कोप–२९) सोमबार के दिनसँ प्रारम्भ भेल अइछ ।

राष्ट्रपति पौडेलके नेतृत्वमे नेपाल काल्हि बुधबार के दिन अलगे उच्चस्तरीय सत्र सञ्चालन करत ।

'पर्वतीय क्षेत्रमे जलवायुजन्य हानि तथा नोक्सानीके सम्बोधन' विषयक उक्त बैठकमे नेपाल अपन 'एजेन्डा'उपर विश्वके ध्यानाकर्षण कराएत ।



सम्मेलनमे नेपाल दिससँ जलवायु परिवर्तनसँ उत्पन्न समस्याकेँ ध्यानाकर्षण कराबैत सम्मेलनसँ विकसित देशकेँ कार्बन उत्सर्जन कम करए आ जलवायु कोषमे प्रतिबद्धता प्रकट कएल रकम प्रदान करबाक लेल आग्रह करत ।

सङे जलवायु परिवर्तनके विषयमे नेपालमे आइब रहल चुनौती तथा हालधैर कएल प्रतिबद्धता तथा तकर कार्यान्वयन बारेमे भेल प्रयासकेँ विश्व मञ्चमे प्रभावकारी रुपसँ प्रस्तुत करत ।

सम्मेलनमे ४० देशके राष्ट्रपति वा उपराष्ट्रपति तथा ३५ देशके प्रधानमन्त्रीसहित विश्वभैरके नेतासभ बातचित तथा विश्वव्यापी सहकार्यके लेल सहभागी हेत । अइ सम्मेलनके नारा 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' अइछ ।

## 'तराई–मधेश एकीकृत प्राधिकरण स्थापना आवश्यक'

**वीरगंज ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपाल दु दिनक तराई–मधेश राष्ट्रिय सम्मेलनमे 'तराई–मधेश एकीकृत प्राधिकरण' स्थापना करबाक लेल सरकारसँ मांग करबाक निर्णय केलक ।

तराई–मधेशक उत्थान तथा जनताक आर्थिकस्तर उपर करबाक लेल उक्त प्राधिकरण स्थापना आवश्यक रहल राप्रपाके मत छै ।

राप्रपा नेपालक अध्यक्ष कमल थापा आइ वीरगंजमे आयोजित पत्रकार सम्मेलनमे तराई–मधेशक २१ जिलाके जनताके उत्थान तथा आर्थिकस्तरमे सुदृढीकरण करबाक लेल एकीकृत प्राधिकरण स्थापना करबाक निर्णय सम्मेलनसँ केने जानकारी देलैन ।

अध्यक्ष थापा कहलैन,'मधेशक जनसंख्या देशके आधासँ बेसी छै । मुदा, अइठाँमक जनताके आर्थिकस्तर उपर नै भ रहल अइछ । पार्टीक राष्ट्रिय सम्मेलन प्राधिकरण स्थापना क जनजीविकामे सुधार करबाक निर्णय केने अइछ ।'




सम्मेलनमे तराई मधेशक सांस्कृतिक विविधताके विस्तार लेल मैथिली, भोजपुरी, अवधि तथा थारु भाषाके संरक्षण लेल मातृभाषा संरक्षण आयोग गठन करबाक निर्णय सेहो केने अइछ ।

अध्यक्ष थापा तराई–मधेश पूरा देश अन्नभण्डार भेलासँ अइठाँमक कृषि तथा सिँचाइके एकीकृत योजना बनेबाक निर्णय केने जानकारी देलैन ।

तहिना राप्रपा नेपालक राष्ट्रिय सम्मेलन अगिला पुषमे सुनसरीक चतराधामसँ त्रिवेणीधामधैर पार्टीके जनजागरण अभियान सञ्चालन करबाक निर्णय केलक अइछ । सम्मेलनमे दुई सयसँ बेसी पार्टी प्रतिनिधिके सहभागिता छल ।

## प्रदेशसभा सदस्य दीपक मनाङे पकड़ाएल

**काठमाण्डू ।**
गण्डकी प्रदेशसभा सदस्य राजीव गुरूङ )दीपक मनाङे) पकड़ाएल छइथ ।

स्थानीय सानोभ–याङसँ हुनका केन्द्रीय अनुसन्धान ब्युरोक टोली नियन्त्रणमे लेने अइछ ।केन्द्रीय अनुसन्धान ब्युरोक प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाके अनुसार हुनका आइ काठमाण्डू जिला अदालतमे उपस्थित कराओत ।किछ दिनपहिने जान लेबाक उद्योगके कसुरमे हुनका सर्वोच्च अदालत पाँच सालक जेल सजाय सुनौने छल ।

# ‘शिक्षा नीति निर्माण प्रक्रियामार्फत सशक्तीकरण’ कार्यशाला सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा ‘शिक्षा नीति निर्माण प्रक्रिया मार्फत सशक्तीकरण’ विषयक कार्यशाला सम्पन्न भएको छ । नेपाल इन्टेलेक्चुअल्स फाउन्डेसनको आयोजना तथा मधेश विश्वविद्यालय र इन्टरनेशनल आइडियाको सहकार्यमा वीरगंजको भिस्वा होटेलमा कार्याशाला सम्पन्न भएको हो । कार्यशालामा वक्ताहरूले शिक्षा नीति निर्माणमा स्थानीय सहभागिता, विश्वविद्यालयको भूमिका र विश्लेषणात्मक आधारबाट नीति निर्माण प्रक्रियालाई सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याएका थिए । मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. दिपक शाक्यले शिक्षाले समुदायलाई सशक्त बनाउन सक्ने र स्थानीय शैक्षिक संस्थाहरूले शिक्षा नीति निर्माणमा महत्त्वपूर्ण योगदान पुर्याउनुपर्नेमा जोड दिए । मधेश विश्वविद्यालयलाई प्रदेशको शैक्षिक केन्द्र बनाउने र यहाँका युवालाई यहीँ स्वरोजगार बनाउने खालको शिक्षा प्रदान गर्ने तयारी भइरहेको उनले बताए । मधेश प्रदेशका पूर्व मुख्यमन्त्री तथा प्रदेश सभा सदस्य लालबाबु राउतले शिक्षा नीति निर्माण प्रक्रियामा रहेका चुनौतीहरू, अवसरहरू तथा मधेश प्रदेशका आवश्यकता अनुरूप नीतिगत सुधारहरूका बारेमा प्रकाश पारेका थिए ।

साथै उनले मधेश प्रदेशमा स्थापित विश्वविद्यालयको निर्माण गर्ने विषयमा भएका संघर्षको बारेमा पनि जानकारी गराए ।

कार्यशालामा मधेश प्रदेशका प्रदेश सभा सदस्य श्याम पटेलले पनि शिक्षा नीति मधेशको माटो सुहाउँदो हुनुपर्ने र यसले यहाँकै अवस्थालाई समावेश गर्नुपर्ने धारणा राखे । साथै, सहभागीहरूबीच नीति निर्माणका विधिहरूमा स्थानीयस्तरका आवश्यकताहरू समेट्नुपर्ने, समावेशी शिक्षा प्रवद्र्धनका उपायहरू खोज्नुपर्ने र अध्ययन–अनुसन्धानको भूमिकालाई प्राथमिकता दिनुपर्ने विषयमा गहन छलफल भएको मधेश विश्वविद्यालयका रजिष्ट्रार विजय कुमार यादवले जानकारी दिए । कार्यशालामा वीरगंज महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अर्विन्दलाल कर्ण, विश्लेषक एवम् वीरगंज कलेजका प्रमुख बिनोद गुप्ता, वीरगंज पब्लिक कलेज (बिपिसी) का विनय श्रेष्ठ, ठाकुरराम बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख उमेश चौरसिया, इन्टरनेशनल आइडियाका कार्यक्रम प्रबन्धक प्रमोद भगत लगायत विभिन्न शैक्षिक संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

# साल्ट ट्रेडिङ धनुषाद्वारा १८ करोड ६२ लाखको नुन बिक्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड शाखा कार्यालय धनुषाले गत आर्थिक वर्ष २०८०/८१ मा १८ करोड ६२ लाख ८१ हजार मूल्यबराबरको आयोडिनयुक्त नुन बिक्री गरेको छ । धनुषा, महोत्तरी तथा सिन्धुली कार्यक्षेत्र रहेको सो कार्यालयले उक्त तीनवटा जिल्लामा आफ्ना २५ डिलरमार्फत आयोडिनयुक्त नुन बिक्री गरेको हो ।
कार्यालयका अनुसार चालु आर्थिक वर्षको तीन महिना अर्थात् साउन, भदौ र असोजमा पाँच करोड २३ लाख मूल्यबराबरको नुन बिक्री गरेको छ । सो अवधिमा ४५ हजार तीन सय ७० बोरा



नुन बिक्री भएको हो । कार्यालयले दशैंतिहार तथा छठपर्वलाई लक्षित गरी सहुलियत दरको सुपथ मूल्य पसल सञ्चालन गरी नुन बिक्री गरेको जनाएको छ ।
गत असोज ७ गतेदेखि कात्तिक २९ गतेसम्म सञ्चालन हुने सोसहुलियतदरको पसलबाट हालसम्ममा पाँच हजार छ सय प्याकेट नुन बिक्री गरेर दुई लाख ६१ हजार रुपैयाँ कार्यालयलाई आम्दानी भएको प्रमुख शुभनारायण साहले बताए ।
सहुलियत दरका सो पसलबाट २४ रुपैयाँ प्रतिप्याकेट तथा सोझै डिलरमार्फत २६ रुपैयाँ प्रतिप्याकेट नुन बिक्री भइरहेको बताइएको छ । यस्तै सो कार्यालयले रासायनिक मलको कारोबारसमेत गर्दै आएको प्रमुख साहले जानकारी दिए ।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको चन्द्रपुर–४ स्थित पूर्वपश्चिम राजमार्गको पश्चिम तर्फको पहिलो लच्कामा मंगलबार मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ । लच्का नजिक सर्लाहीबाट निजगढ तर्फ आउँदै गरेको प्रदेश २–०२–००४ प ७०४९ नम्बरको मोटरसाइकल सडकबाट तल खसेर दुर्घटना हुँदा चालक सर्लाहीको पर्सा गाउँपालिका–६ बस्ने २७ वर्षीय साजिद अन्सारीको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ । दुर्घटनामा परेर घाइते अन्सारीलाई उपचारको लागि चन्द्रनिगाहपुरस्थित अस्पतालमा ल्याउँदा मृत्यु भएको हो । प्रहरीका अनुसार अन्सारीले चलाएको मोटरसाइकल अनियन्त्रित भई राजमार्गबाट तल खसेको थियो । घटनालगत्तै ट्राफिक प्रहरी टोली घटनास्थल पुगेको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

**बस दुर्घटनामा १२ जना यात्रु घाइते**

रौतहटको चन्द्रनिगाहपुरमा पोखराबाट जनकपुर तर्फ जाँदै गरेको यात्रुबाहक बस दुर्घटना हुँदा १२ जना यात्रु घाइते भएका छन् । मंगलबार बिहान पूर्वपश्चिम लोकमार्ग अन्तर्गत चन्द्रपुर नगरपालिका २ लचका नजिकै ग.१ ख.५८०७ नम्बरको बस बाटो काट्दै गरेको स्याललाई बचाउने क्रममा दुर्घटना भएको प्रहरीले जनाएको छ । रौतहटका प्रहरी प्रवक्ता डिएसपी दीपक रायका अनुसार बसमा २० यात्रु सवार रहेकोमा १२ जना घाइते भएका हुन् । बस चालक दोलखा सैलुङ गाउँपालिका ८ बस्ने ३५ वर्षीय पदम बहादुर बस्नेत र सह चालक बाराको करैयामाई गाउँपालिका ७ बस्ने ३० वर्षीय सुरज पौडेललाई प्रहरीचोकी पौराहीको नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको डिएसपी रायले जानकारी दिए । घाइतेहरु मध्ये एकजनाको अवस्था गम्भीर, तीनजनाको मध्यम र ८ जनाको समस्या रहेको र उनीहरुको विभिन्न अस्पतालहरुमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

**पाँच जना फरार प्रतिवादी पक्राउ**

रौतहटका विभिन्न स्थानबाट सोमवार एकै दिन ५ जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालतबाट दोषी ठहर भई दण्ड सजाय तोकिएर लामो समय देखि फरार रहेका ५ जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपककुमार रायका अनुसार जुवा मुद्दामा दोषी ठहर भएका गरुडा नगरपालिका ६ पोठीयाहिका साह कानु, अभद्र व्यवहार मुद्दामा दोषी ठहर देवाही गोनाही नगरपालिका ७ का राकेश भन्ने रुपेश यादव, रमेश ठाकुर, विजय भन्ने सञ्जय यादव र विवेक यादवलाई जिल्लाको विभिन्न स्थानबाट पक्राउ गरिएको हो । पक्राउ परेका ५ जनालाई फैसला कार्यान्वयन लागि जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ ।

# महिला स्वयंसेविका सम्मान कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिकाको स्वास्थ्य शाखाले महिला स्वयंसेविका सम्मान गरेको छ । आयोजित महिला स्वयं सेविका समान कार्यक्रम सम्पन्न भएको छ । पोखरिया नगरपालीकाको वडा नम्बर १ देखी १० सम्म रहेका ५४ जना महिला स्वयं सेविकालाई १ थान छाता, १ थान टर्चलाईट, १ थान टावल, १ थान बैगले समानित गरिएको स्वास्थ्य शाखा सहायक शिव पटेलले जानकारी दिए । नगरपालिकाको सभा हलमा भएको महिला स्वयंसेविका समान कार्यक्रम स्वास्थ्य शाखा सहायक शिव पटेलको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख प्रधुमन प्रसाद चौहान, प्रशासन शाखा तथा योजना शाखा प्रमुख संजय पाण्डेय, रन्जु मिश्रा, लक्ष्मण साह लगायतकाहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा मेयर चौहानले महिला स्वयंसेविकाहरुले आफनो जिम्मेवारी ईमादारी पूर्वक निर्वाह गरेको प्रति पोखरिया नगरपालिकाले सम्मान गरेको बताए ।




# साढे ३७ लाखको सामान सहित ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले साढे ३७ लाख मूल्य बराबरको सामान सहितको ट्रक नियन्त्रणमा लिएको छ ।

प्रहरीले वीरगंज महानगरपालिका–८ घण्टाघरमा चेकजाँचको क्रममा बिल बिजक भन्दा बढी सामान लोड रहेकोले ट्रकलाई नियन्त्रणमा लिएको हो । वीरगंजबाट रुपन्देहीतर्फ जाँदै गरेको ना.५ ख ६७४७ नम्बरको मालबाहक ट्रकमा बिल विजक भन्दा बढीको ३७ लाख ५२ हजार ८ सय ८६ रुपैयाँ बराबरको खुद्रा सामान तथा औषधिहरु लोड रहेको पाईएपछि ट्रकलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक भारतीले जानकारी दिए । नियन्त्रणमा लिएको मालबाहक ट्रक थप अनुसन्धान तथा



कारवाहीको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको प्रहरीले जनाएको छ ।

# बढी भाडा लिने दुई जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
मापदण्ड भन्दा बढी भाडा लिने दुई जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १६ बसपार्क स्थित सार्वजनिक बस, हाईस तथा सुमोमा सर्वसाधारण यात्रुसँग मापदण्ड विपरीत भाडा लिने दुई जनालाई प्रहरीले पक्राउ गरेको हो । मनोपोली रुपमा बढी भाडा लिइरहेको गुनासोको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले दुई जनालाई पक्राउ गरेको पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक भारतीले जानकारी दिए । उनकाअनुसार लामो दुरीका सार्वजनिक सवारी साधन छुट्ने काउन्टरबाट वीरगंज महानगरपालिका वडा नम्बर ९ बस्ने ६५ वर्षीय अशोक गुप्ता र वीरगंज १६ निवासी ४० वर्षीय विजय साहलाई पक्राउ गरिएको हो । उनीहरु दुवै जनालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक भारतीले बताए ।

# सिरहामा प्रजातान्त्रिक सेनानी सङ्घ गठन



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा ११ सदस्यीय प्रजातान्त्रिक सेनानी सङ्घ गठन भएको छ । सोमबार यहाँ सम्पन्न भेलाले प्रजातन्त्र सेनानी रामकुमार यादवको सभापतित्वमा सङ्घ गठन गरेको हो । नेपाली कांग्रेसका पूर्वकोषाध्यक्ष सीतादेवी यादवको प्रमुख आतिथ्यमा भएको भेलाले सङ्घको उपसभापतिमा मागैन साह, सचिवमा गोपाल साह तथा सदस्यहरुमा रमेश गजुरेल, अशोक साह, ओमप्रकाश साह, मोहम्मद समसुदिन, मायादेव चौधरी, जुगेश्वर यादव, गोविन्द ढकाल र सीमा झा चयन गरेको छ । त्यस अवसरमा नेत्री यादवले व्यवस्था परिवर्तनमा प्रजातन्त्र सेनानीको अतुलनीय भूमिका रहेको बताउँदै सेनानीहरुको सम्मान नेपाली कांग्रेसका साथै राज्यले पनि गर्नुपर्नेमा जोड दिए ।

सम्पादकीय

# आमजनता पार्टीको आन्दोलन र सक्रियता

*मधेशमा अनेक पार्टी छन् । देशकै सबैभन्दा कान्छो पार्टीका रुपमा राजेन्द्र महतोले राष्ट्रिय मुक्ति पार्टी नेपाल दर्ता गराएका छन् । उनी पनि पार्टीको ७७ वटै जिल्लामा कमिटीका संयोजक तोकेर राजनीतिक गतिविधि गर्ने तयारीमा छन् । एकपटक सबैको मूड बुझेर मुलुककै लागि एउटा भरपर्दो वैकल्पिक शक्ति निर्माणमा उनको ध्येय देखिन्छ ।*

*यसअघि डा. सिके राउतले पनि यसै भनेर पार्टी खोलेका थिए । नभन्दै उनको पार्टी राष्ट्रिय पार्टी भयो र केन्द्र तथा मधेश प्रदेशको सत्ताको चटनीमा सहभागी र कहिलेकहीँ भान्से पनि भयो । तर राउतको पार्टीले मधेशको उद्धार गर्न सकेन भने माओवादी र एमालेको राजनीति दाहसंस्कार गर्दै रौतहटका प्रभु साहले आम जनता पार्टी (आजपा) स्थापना गरे । यसपटक यही पार्टीको चर्चा गरौँ ।*

*आजपाले मधेशमा र काठमाडौमा मंसिर १ गतेदेखि फेरि आन्दोलन गर्ने जनाएको छ । मधेका आठ जिल्लामा उसले शक्ति प्रदर्शन गर्ने भएको छ ।*

*काठमाडौमा पनि कार्यक्रम आयोजना गरेको छ । भन्सारको कमिसनलगायत उसले उठाएको मुद्दा जनमुखी नै छन् । त्यसैले आमजनता पार्टीमा जनताको आकर्षण पनि देखिन्छ । कसैले बोल्न नसकेको र बालेनसँग लगभग डोमिनेट भइरहेका ठूला दलहरुलाई उछिनेर प्रभु साहले नै बालेन साहले फुटपाथ हटाउने निर्णय गर्दा आन्दोलन गरेका हुन् ।*

*कवाडी व्यवसायीलाई संगठित गरेका छन् । अहिले तत्काल कुनै निर्वाचन नभएकाले साहलाई भोटको राजनीति गर्नु छैन । तर उनको पार्टीले जिल्लातहमा पुगेर काम गरिरहेको छ । संगठन गरिरहेको छ ।*

*यसपटक पनि आजपाले शक्ति प्रदर्शनको तयारी गरेको छ । जनताका मुद्दामा पार्टीले राजनीति गर्ने हो । अनेक पार्टी आइरहँदा जसले जनताको मुद्दामा लगातार आन्दोलन गरिरहन्छ, मुद्दा उठाइरहन्छ, त्यही पार्टीमा जनमत देखिन्छ । पार्टीको नाम नै जनमत राखेर पनि नहुने विषय रहेछ । अझ देश बदल्छु भन्नेहरुले श्रीमती बदल्न र देशको शिर ठाडो पार्नु पर्नेमा कपाल ठाडो पार्नेहरुको भर पर्दा देशमा अरु कति पार्टी अर्को विकल्प भन्दै खुल्ने हुन्, देखिँदै जानेछ ।*

# प्रदूषित हुँदै वातावरण र अबको सचेतना



सञ्जय साह मित्र

धानको दाइँ गर्ने प्रविधिमा परिवर्तन भइसकेपछि किसानलाई चटारो भएको खेतीको । पहिले धानको दाइँ गर्नुपर्दा खेतमा काटिएको धानलाई सबैभन्दा पहिले खरिहानमा लग्नुपथ्र्यो । खरिहानमा रहेको मियोमा एउटा बलियो दाम्लोमा लहरै पाँच वा सात वा नौ गोरु जोतेर गोरुले दाइँ गर्ने चलन थियो । आजभोलि यो चलन पूर्णतः बन्द भइसकेको छ । खेतीपातीमा गोरुको उपयोग निरन्तर कम हुँदै गइरहेको छ । अब सायदै कुनै किसानले खेतीपातीमा गोरुको प्रयोग गर्दछन् । पहिले हलो जोत्न अर्थात् खेत जोत्न गोरु नभई हुँदैनथ्यो तर अहिले विभिन्न आधुनिक साधनले हलो अर्थात् खेत जोत्न थालिएको छ र कतिपय खेत यस्ता पनि छन् कि जसमा गोरु नपुगेको बर्सौं भइसक्यो । अनि गोरुको लागि उपयोग हुने कतिपय सामग्री पनि विस्तारै उपयोगविहीन बन्दै गएको छ । स्पष्ट रुपमा भन्ने भने हाम्रो कृषि प्रणाली यन्त्रोन्मुख भइरहँदा त्यसको भुस, परालजस्ता पहिले उपयोगी मानिने वस्तुहरु अहिले उपयोगविहीन बन्न थालेका छन् ।

हाम्रो ठाउँभन्दा अन्यत्र पनि यस किसिमको समस्या नदेखिएको होइन । धानको दाइँ खरिहानमा हुनुपर्ने हो तर अब खेतमै हुन थालेको छ । खरिहानमा दाइँ हुँदा त्यसको परालको कुन्यु लगाइन्थ्यो । परालको थुप्रो देखेरै कसको परालको थुप्रो ठुलो हो भन्ने कुरो स्पष्ट थाहा हुन्थ्यो र यसबाट यो पनि संकेत हुन्थ्यो कि कसको घरमा बढी धान गएको छ । एक हिसाबले को धनी हो वा कसको बढी धान उत्पादन भएको छ भन्ने कुरा थाहा पाउन सजिलो थियो । यसमा खासै फरक पर्ने अवस्था पनि थिएन । अनि परालालाई एक ठाउँमा राख्दा गाउँको एउटा शोभा पनि हुन्थ्यो । अन्य काममा पनि परालको प्रयोग गरिन्थ्यो तर खेतमा धानको पराल थुपार्ने कुरो आउँदैन । जब खेतमा दाइँ हुन्छ तब तत्काल खाली भएको खेत जोत्नु पर्ने र नयाँ बाली लागउनुपर्ने हतार हुन्छ । नयाँ बाली लगाउनलाई हतार गर्नुपर्दा पराल पनि एउटा समस्याको रुपमा किसानलाई हुन थालेको छ । पहिले खेतीपातीमा गोरुको उपयोग बढी भएको अवस्थामा गोरुलाई खान तथा सोत्तरको लागि मात्र नभई जाडो महिनामा ताप्नका लागि पनि धानको परालको उपयोगिता रहेको हुन्थ्यो । खरिहानको एउटा कुनामा पराल थुपार्न सजिलो थियो तर खेतमा पराल थुपार्न पनि सजिलो हुँदैन । परालमा मुसाले सजिलै बास पाउने ठाउँ पाउनाले जहाँ पराल हुन्छ त्यहाँ धेरै मुसा पनि हुन जान्छ । मुसा धेरै हुनुको अर्थ हो बालीलाई क्षति पुग्नु । यसकारण किसानहरु चाहन्छन् कि धानको पराल तुरुन्तै हटाएको राम्रो ।

जब गोरु छैन तब धेरै हदसम्म गाउँमा परालको काम नै छैन । भएको अलिकति गाईवस्तुलाई जति पराल चाहिएको हो त्यसभन्दा हजारौँ गुना बढी पराल निस्किन थालेको छ । पराल जति धेरै निस्किँदा पनि चार पाँच वर्ष अघिसम्म किसानलाई बोझ हुँदैनथ्यो तर अहिले चार पाँच वर्ष यता चाहिँ किसानलाई पराल पनि बोझ हुन थालेको छ । किसानले खेतमा पराल छाड्दा मुसा लाग्ने डर तथा अन्यत्र राख्ने ठाउँ नहुने, यदि मुसाबाट हुने नोक्सानीको डरलाई परालको बिक्रीबाट भरपाई गर्न सकिने अवस्था हो भने ठिकै मान्नुपर्छ तर पराल बिक्री हुने ग्यारेन्टी हुँदैन । अनि खेतमा त्यत्तिकै एक ठाउँमा थुपार्न पनि मजदुरमा खर्च लाग्ने, जहाँ थुपारिएको छ त्यहाँ बाली लगाउन नपाउने र परालमा लागेको मुसाले बालीमा नोक्सान पु¥याउने हुनाले तेहोरो नोक्सानी बेहोर्नुको साटो कतिपय किसानले अब खेतमै परालमा आगो लगाइदिन थालेका छन् । खेतमै पराल डढाएपछि त्यसको खरानीले पनि मलको रुपमा काम गर्ने विश्वास किसानहरुमा रहेको छ । पराल डढाएको ठाउँमा बाली अलिकति राम्रो हुने विश्वास छ । बालीमा उत्पादन थपिने विश्वास किसानहरुमा रहेको अवस्थालाई केही नाफाको अवस्था मान्न सकिन्छ । जहाँ घाटा हुने डर हुन्थ्यो त्यहाँ नाफा हुनु किसानको लागि राम्रो मान्नु पर्छ । यद्यपि पराल बिक्री भएमा वा कसैले आफ्नो गाईवस्तुको लागि परालको उपयोग गर्न सकेमा डढाउनु भन्दा सयौँ गुना बढी फाइदा हुन सक्छ । पराल डढाउँदा वातावरणीय समस्या पनि हुन जाने देखिएको छ । पहिलेको दाइँ प्रविधि र पराल थन्क्याउने तरिकाले वातावरणलाई बिगार गर्दैनथे तर अहिले दाइँ गर्दा तथा पराल डढाउँदा वातावरणीय समस्या उत्पन्न भइरहेको तर्फ पनि ध्यान जानु परेको छ ।

किसानले पराल डढाउँदा धुँवा नै निस्किने हो । सबैलाई थाहा छ, पराल डढाउँदा जति धुँवा निस्कन्छ, खरानी त्यसको तुलनामा निकै कम हुन्छ । अर्को पक्ष, दाइँ गर्दाको अवस्थामा पनि वातावरण निकै प्रदूषित हुने गरेको छ । दाइँको समयमा पनि वातावरण पूरै धुलाम्य हुने, निकै टाढासम्म र धेरै बेरसम्म धुलोले मानिसलाई हायलकायल पार्ने अवस्था उत्पन्न भएको देखिन्छ । पहिलेको दाइँ गर्ने प्रविधिमा आएको वैज्ञानिक परिवर्तनले सिर्जना गरिरहेको वातावरणीय समस्या अन्यत्र विकराल बन्दै छ । विभिन्न ठाउँमा अहिले नै तुँवालो लाग्ने गरेको र वातावरणबाट मानिसले लिने सासको हावामा खराब तत्त्वको उपस्थिति बढेको पाइएको छ । अत्यधिक प्रदूषणले सहरका मानिसको बेहाल भइरहेको तथा प्रदूषण नियन्त्रण गर्न सारै नै कठिन भइरहेको तथा नियन्त्रण गर्न नसकिरहेको अवस्था पनि रहेको देखिएको छ । हुन त नेपालको राजधानी काठमाडौँ सहरलाई तथा कतिपय अवस्थामा काठमाडौँ उपत्यकालाई पनि संसारका प्रदूषित सहरमा गनिन थालिएको पाइन्छ । यसबाट अब यो पनि सचेतनाको पाठ सिक्नु जरुरी छ कि अबको समयमा कसरी हुन्छ, हाम्रो समाजलाई सम्भव भएसम्म प्रदूषणको जहरबाट बचाउन सकिन्छ ? सम्भावित उपायको खोजी अहिलेदेखि नै गर्नु जरुरी भइसकेको छ । यदि अहिलेदेखि नै उपायको खोजी नगर्ने हो भने भोलि यो समस्य अझ जटिल हुने देखिन्छ किनभने आजभोलि गाउँमा पनि यान्त्रिकरण बढ्दो छ । यान्त्रिकरणले मानवीय श्रममा पनि हस्तक्षेप गर्दै गएको छ । मानवले आफ्नै हात वा श्रमले गर्नुपर्ने कामको क्षेत्र विस्तारै कम हुँदै गइरहेको अवस्थामा यन्त्रले निम्त्याइरहेको प्रदूषणलाई न्युन गर्नेतिर उचित ध्यान दिनुपरेको छ ।

यो मात्र होइन कि किसानकै कारण वातावरण प्रदूषित भइरहेको छ, किसानको कारण पनि वातावरण प्रदूषित हुने समय आइसकेको छ । विस्तारै मानिसको कृषिमाथिको निर्भरता कम हुँदै जाँदा र मानिसले यन्त्रमाथिको निर्भरता बढाउँदै जाँदा विभिन्न किसिमका यन्त्रबाट निस्कने प्रदूषणले पनि वातावरणमा प्रभाव पारिरहेको यथार्थलाई बुझेर अबको दिनमा हाम्रो समाजलाई कसरी सम्भव भएसम्म वातावरणीय समस्याबाट जोगाउन सकिन्छ भन्नेबारे अहिलेदेखि नै सचेत बहस चलाउन जरुरी भइसकेको छ । के वृक्ष रोपण कार्यक्रमलाई अझ प्रभावकारी बनाउने हो ? वनजंगलमा भइरहेको फँडानीलाई शून्यमा झार्ने हो ? प्राकृतिक वनमाथिको मानिसको निर्भरतालाई वर्तमान अवस्थामा नै शून्यमा झार्न सकिन्छ ? के वनजंगल, खोला तथा पर्वतमाथि मानिसको आक्रमण र अतिक्रमणलाई शून्यमा झार्न सकिन्छ ? मानिसले प्रकृति तथा प्राकृतिक सम्पदामाथिको हस्तक्षेप र अतिक्रमण तथा आक्रमणलाई पूर्णतया रोक्ने हो भने हाम्रो समाज वा देशमा वातावरणीय प्रभावलाई केही हदसम्म रोक्न सकिन्छ । हैनभने वातावरणीय समस्या त विश्वव्यापी समस्याको रुपमा आइरहेको छ । यसले विकराल रुप धारण गरिरहेको छ । विश्वमा विचित्रको प्रभाव पनि देखाइरहेकै छ । हालैको दिनमा मरुभूमिमा अकल्पनीय बाढी तथा हिमपातले विश्वलाई चकित तुल्याएको छ । सबैले वातावरणीय ह्रासकै कारण यस्तो विचित्रता देखिएको मानिरहेका छ । अनि एउटा प्रश्न पनि उठिरहेको छ, वैज्ञानिक आविष्कार तथा चमत्कारहरुले वातावरणलाई किन यसरी नोक्सान पु¥याइरहेका छन् त ?

धेरै टाढा र विज्ञानका कुरा राज्यले पनि विचार गर्ने हो तर सर्वसाधारण नागरिकको पनि वातावरणीय कर्तव्य के हो ? यस विषयमा समाजले बहस चलाउनु परेको छ । हरेक नागरिकको व्यक्तिगत, पारिवारिक, सामाजिक तथा राष्ट्रिय र नैतिक, आध्यात्मिक कर्तव्य भएजस्तै हरेक व्यक्तिको वातावरणीय धर्म वा कर्तव्यबारे पनि अब बहस गर्नु परेको छ । किसानहरुले परालमा आगो लगाउनु बाध्यता हो । यसको विकल्प के हुन सक्छ ? वातावरणलाई जोगाउन किसानले अझ कसरी योगदान दिन सक्छन् ? अहिले जसरी खेतीपातीमा रासायनिक मल र विषादिको प्रयोग भइरहेको छ, त्यसले कति हदसम्म वातावरणमा प्रभाव पारेको छ ? किसानको तहबाट पनि विचार गर्नु उचित हुन्छ । वास्तवमा हाम्रो समाजले समाजको सबै वर्ग, पेसा, क्षेत्रादिलाई लिएर गम्भीर हुनै परेको छ । वातावरणप्रति सचेत हुनु अत्यावश्यक भइसकेको छ ।

# सार्वजनिक संस्थानप्रति राजनीतिकर्मीको नक्कली माया



दिपेन्द्र चौलागाई

अर्थ मन्त्रालयको निजीकरण समितिले रुग्ण र कार्यसम्पादनमा कमजोर संस्थानको निजीकरण तथा वर्गीकरणका निम्ति मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने निर्णय गरेका समाचार आएसँगै जनकपुर चुरोट कारखानाको जग्गा हडप्न षडयन्त्र हुन लागेको देखे कांग्रेस नेता विमलेन्द्र निधिले । अचम्म के भने, कांग्रेसले नै शुरू गरेको पहिलो चरणको आर्थिक सुधारको कार्यक्रमलाई अझै परिमार्जित र परिष्कृत रूपमा अगाडि बढाउनुपर्ने दायित्व बिर्सिएर निधिले ‘पपुलिजम’ले गाँजेको राजनीतिमा आफ्नो लाभ खोजेका छन् । जबकि, धेरै वर्षपछि सरकारले सार्वजनिक संस्थानबारे केही निर्णय लिन लागेको सुन्दा राज्यस्रोतको दोहन रोकिनेतर्फ केही सकारात्मक कदम अघि बढ्न थालेको हो कि झैँ लागेको छ ।

हाम्रामा सरकारले गर्नैपर्ने नीतिगत सुधारबारे खासै छलफल हुँदैन । सदासर्वदा स्वकीय स्वार्थपूर्तिका लागि दत्तचित्त रहने र केवल ‘पपुलर’ हुनकै लागि सबै थोकमा षडयन्त्र मात्रै देख्ने नेताहरूको पुरानो आदत हो । यही आदतले गर्दा नीतिगत सुधार सधैँ ओझेलमा पर्दै आइरहेको छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि शुरू भएको थुप्रै सुधारका कामलाई ‘पहिलो चरण’को आर्थिक सुधार भनियो । अहिलेसम्म ती सबै काम तमाम भएका छैनन् । अस्थिर राजनीतिको चपेटामा परेकै कारण कुनै सरकारले ‘दोस्रो चरणको सुधार यो हो है’ भन्न सकिने गरी काम गर्न सकेका छैनन् ।

अल्पकालीन राजनीतिक लाभमा केन्द्रित हुने निधि एक्ला राजनीतिकर्मी होइनन्, न अन्तिम नै ।मुलुकलाई निजीकरणलाई ‘बुझो न सुझो छि छि र दुरदुर’ गरिएको छ । निजीकरणविरुद्ध बेतुकको कुरा बोल्दिँदा लाइक, भ्युज र शेयर बढ्छ । निजीकरणको पक्षमा जतिसुकै तथ्यांक र जायज तर्क राखे पनि गाली नै खाइन्छ ।

सञ्चालन,व्यवस्थापन,प्रतिस्पर्धा,सुशासनजस्ता आधारभूत कुरामा पुरापुर असफल सार्वजनिक संस्थानमार्फत हुने घाटा करदाताको पैसाउपर दोहन हो । सरकारले अब सधैँका लागि व्यापारबाट हात झिक्नुपर्छ भन्ने सत्य सबैजसो नेतालाई बोध भए पनि ‘बिरालोको घाँटीमा घण्टी कसले बाँध्ने’ भन्ने समस्या छ । सोभियत संघबाट २०२२ सालमा उपहारस्वरूप स्थापित जनकपुर चुरोट कारखाना मुलुकको औद्योगिक विकासमा एउटा महत्त्वपूर्ण स्तम्भ बनेकोमा शंका छैन ।

लामो समय लगभग एकाधिकार (मोनोपोली) मा चलेको कम्पनी स्थापनाताका स्वीकृत पुँजी आठ करोड रुपैयाँ थियो भने चुक्ता पुँजी ४८ लाख रुपैयाँभन्दा बढी थियो । बजारमा निजी चुरोट कम्पनीको प्रवेशसँगै जनकपुर चुरोट कारखानाले प्रतिस्पर्धा गर्न सकेन । पुरानो प्रविधिको प्रयोग, अधिक कर्मचारी र राजनीतिक नियुक्ति अनि दोहनका कारण दैनिक ज्यालादारी मजदुरसहित २ हजार ९०० कर्मचारी रहेको कारखाना २०६७÷६८ अन्तसम्ममा १७ करोड ८० लाख रुपैयाँ सञ्चित घाटासहित थला प¥यो । २०६८ मा कम्पनीको उत्पादन बन्द गर्ने निर्णय गरियो । २०७० सम्ममा कारखाना स्थायी रूपमा बन्द भयो । बन्द हुने बेलासम्ममा यो कम्पनीले कुल ८० करोड रुपैयाँ घाटा बेहोर्नुपरेको थियो ।

हाम्रा नेताहरू बेलाबेला कारखानाका ‘सुनौला’ दिन सम्झिएर बडो भावुक हुँदै भाषण गर्छन् । सरकारले चुरोट कारखाना चलाउनु उचित कि अनुचित भनेर तात्त्विक बहस गर्न बिर्सिदिन्छन् । बजारमा निजी क्षेत्रको प्रवेशसँगै व्यवस्थापन र प्रविधिका कारण सरकारी संस्थानले प्रतिस्पर्धा थेग्न नसक्ने कुरो थाहा हुँदाहुँदै राज्यले नियामक भएर बस्नुको सट्टा अन्य आधारभूत कुरामा खर्च गर्न सकिने स्रोत व्यापारिक संस्थानमा खन्याउनु गैरजिम्मेवारीको पराकाष्ठा हो ।

अर्थतन्त्रमा निजी क्षेत्रको योगदान अत्यन्त कम, न्यून पूर्वाधारको विकास अनि वस्तु तथा सेवाको माग उच्च भएका बेला सरकारले उद्योग चलाएर अर्थतन्त्रलाई चलायमान बनाउनु र रोजगारी सिर्जना गर्न उत्पादनशील तथा व्यावसायिक क्रियाकलापमा हात हाल्नु ठीकै थियो पनि। अति न्यून साक्षरता दर, सार्वजनिक हितका लागि कुल सरकारी खर्चको एक प्रतिशतभन्दा कम विनियोजन, औसत आयु ३४.६ वर्ष मात्र रहेको तत्कालीन अवस्थामा उद्योग व्यवसाय सञ्चालन गर्ने सरकारी कदम जायजलाई ठान्न सकिन्थ्यो ।

मुलुकको राजनीतिक, सामाजिक तथा आर्थिक परिवेशमा धेरै बदलाव आएको छ । २१औँ शताब्दीको नेपाली अर्थतन्त्रलाई १९औँ शताब्दीको सोचले चलायमान बनाउन सकिँदैन । सरकारी स्वामित्वका उद्योग÷व्यवसायको संख्या कुनै समयमा ६९ थियो । २०४६ सालको परिवर्तनपछि ३९ सम्ममा झरेको यो संख्या अहिले फेरि बढेर ४४ पुगेको छ । अनुदान, नीतिगत संरक्षण र एकाधिकार पाएका केही सरकारी उद्योग÷व्यवसाय स्थापनाको केही समय नाफामा चले पनि अधिकांश घाटामा चलेका थिए, घाटामै चलिरहेका छन् र अझै घाटामै चलिरहनेछन् । आर्थिक वर्ष २०७९÷२०८० मा १५ कम्पनी नोक्सानमा थिए भने तीन कम्पनीको कारोबार शून्य थियो ।

देशको गौरव भन्दै प्रचार गरिएका प्रायः सबै उद्योग चरम लापरबाही, राजनीतिक नियुक्ति र व्यवस्थापकीय कमजोरीका कारण लथालिंग छन् । यी उद्योग व्यवसायमा बर्सेनि ठूलो रकम खर्च हुने गर्छ । शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधारको विकासमा अर्थ अभाव हुने मुलुकमा सरकारी उद्योग चलाएर ‘पपुलिस्ट’ हुनका लागि ठूलो धनराशि स्वाहा पार्नुलाई जायज ठह¥याउन कसैगरी सकिन्न ।

आर्थिक वर्ष २०७८÷२०७९ सम्मको हिसाब हेर्ने हो भने सरकारले सार्वजनिक संस्थानमा ६ खर्ब १८ अर्ब १६ करोड ४६ लाख रुपैयाँ लगानी गरेको छ । यति ठूलो लगानीबाट आयकरमा केवल ११.६ प्रतिशत योगदान छ, जबकि निजी क्षेत्रले ८३.०८ प्रतिशत योगदान गरेको छ । त्यसरी नै हरेक आर्थिक वर्षका प्रतिवेदन हेर्ने हो भने सार्वजनिक संस्थानले सरकारलाई दिने लाभांश दर हरेक वर्ष ५० प्रतिशतभन्दा बढीले घट्दो क्रममा छ । तथ्यांकले के प्रस्ट पार्छ भने नाफा दिँदै गरेका केही संस्थान बिस्तारै घाटामा जाने जोखिम बढ्दो छ ।

जुनसुकै सरकार आए पनि तिनले सार्वजनिक संस्थानको दूरावस्थाप्रति चिन्ता व्यक्त गर्छन् तर संस्थानको सुधार वा संस्थानबाट सरकारले हात झिक्नुपर्छ भन्ने कुरामा ती डराउँछन् । सार्वजनिक संस्थान भनेका सगरमाथा वा गौतम बुद्धजस्तै हाम्रा गौरव हुन्, देशले ऋण गरेर भए पनि चलाउनै पर्छ भन्ने भ्रम सर्वसाधारणमा पारिएको छ । नागरिकमा व्याप्त यही भ्रमपूर्ण भावनाको फाइदा राजनीतिक नेतृत्वले लिँदै आएको छ । जबकि राजनीतिक नियुक्ति, स्रोतको दोहन र भ्रष्टाचारका अखडा भएका संस्थान बजारमा टिक्न सक्ने अवस्था छैन ।

नेपालमा मात्र होइन, विश्वव्यापी अर्थतन्त्रमा निजी क्षेत्रको महत्व र सरकारको भूमिकाबारे सन् १९९० अघि नै बहस हुन थालिसकेको थियो । नेपाल त १९९० को आसपास सरकारी खर्च, राजस्वको आकारका कारण सरकारले तिर्ने ऋणको दबाब झेल्न नसक्ने अवस्थामा पुगिसकेको थियो । एक खाले अर्थशास्त्रीहरू त्यस बखतको आर्थिक अवस्था चटक्कै बिर्सेर १९९० मा शुरू गरिएको उदारीकरण केवल विदेशीको बलमा मात्र भएको थियो भन्दिन्छन् । थोरैले मात्र सरकारसँग त्योबाहेक अरू उपाय थिएन र सरकारले व्यापारबाट क्रमशः हात झिक्ने, निजी क्षेत्रलाई व्यापारमा सहभागी गराउँदै सार्वजनिक संस्थानमा सरकारले गर्ने खर्च घटाउने नीति सही थियो भन्छन् ।

२०४८ सालमै तत्कालीन अर्थमन्त्री महेश आचार्यले बजेट भाषणमा ‘सरकारी संस्थानमा अहिले तीन अर्ब रुपैयाँभन्दा बढीको शेयर लगानी र सात अर्ब रुपैयाँभन्दा बढीको ऋण लगानी छ । यो ठूलो लगानीबाट प्राप्त हुने लाभांश र ब्याज नगण्य छ । कतिपय संस्थान सरकारी अनुदान नभई चल्न सक्ने अवस्थामा छैनन्। सरकारी उद्योगको क्षमता उपयोग पनि सन्तोषजनक छैन। सरकारले संस्थानमा गरेको लगानीमा गत वर्ष केवल एक करोड २४ लाख रुपैयाँको लाभांश प्राप्त गऱ्यो, जुन कुल लगानीको ०.१ प्रतिशत मात्र हो’ उल्लेख गरेका थिए ।

आचार्यको सो भनाइले उतिबेलै सार्वजनिक संस्थान बजारमा प्रतिस्पर्धा गर्न नसक्ने भइसकेको देखाउँछ, सरकारले बिस्तारै ती संस्थान बन्द गर्नै पर्छ भन्ने प्रस्ट पार्छ । हुन पनि शिक्षा, स्वास्थ्य, पूर्वाधारजस्ता आधारभूत कुरा प्रदान गर्न छोडेर सरकारले नागरिकले तिरेको करबाट वा दाताबाट लिएको ऋण वा अनुदानबाट घाटाको व्यापार गर्ने कुरो गलत हो । तत्कालीन कांग्रेस सरकारले लिएको उदारीकरणको नीतिअनुसार केही उद्योग निजीकरण गरियो । निजीकरण गर्दा मुख्य तीन तरिका अपनाइयो– जग्गासमेत बिक्री गर्ने, मेसिनरी बिक्री गर्ने र भाडामा दिने । तर जुनसुकै विपक्षी दलले त्यसको विरोध गर्दै आएका छन् । आम नागरिकमा सूचनाको अभावका कारण अहिलेसम्म निजीकरणको विरोधलाई बल पुगेको छ । निजीकरण गर्ने निर्णयमा सामेल सबैलाई खलनायकीकरण गरिएको छ । अचम्मको कुरोचाहिँ विरोध गर्नेले न आफ्नै सरकार बन्दा ती संस्थान न फिर्ता ल्याउन पहल गरे न बाँकीलाई राम्ररी चलाउन नै । यसैबाट जो कोहीले बुझ्न सक्छ कि नेपालमा निजीकरणको विरोध केवल स्वकीय राजनीतिक स्वार्थका लागि गर्ने गरिन्छ ।

यो भन्दै गर्दा नियत ठीक हुँदाहुँदै पनि स्वार्थ समूहका कारण केही प्रक्रियागत त्रुटि नभएको भने होइन । बाँसबारी छाला जुत्ता निजीकरण गर्दा कुनै व्यापारिक घरानाले जग्गा हडपेको थियो भने त्यो निजीकरणको दोष होइन, त्यो व्यापारिक घरानाको स्वार्थ र सोहीअनुसार सहयोग हुने गरी निर्णय गर्ने राजनीतिक नेता र कर्मचारीले गरेको भ्रष्टाचार हो । त्यसको छानबिन हुनुपर्छ । त्यसो नभनीकन बाँसबारी छाला जुत्ता साबिक अनुसार चल्नुपर्छ भनेर निजीकरणको विरोध गरिराखिएको छ ।

यो कुरालाई पुराना र नयाँ भनाउँदा सबै खाले राजनीतिक दल र तिनका नेताले बुझिबुझी बुझ पचाएर लोकरिझ्याइँमा रमाइरहेका छन् । वास्तवमा सीमित प्रकारका जुत्ता उत्पादन गर्ने र पुरानो प्रविधिको कम्पनी थियो बाँसबारी जुत्ता कारखाना । लगातार बिग्रने मेसिन, सीमित स्रोत र अधिक भ्रष्टाचारले ग्रस्त यस्ता कम्पनी चलाउनुभन्दा यथाशीघ्र निजीकरण गर्नुको विकल्प थिएन ।

निजी क्षेत्रका लागि बजार खुला गर्दा मुलुकमा सयौँको संख्यामा जुत्ता कम्पनी खुले । तिनले दिने रोजगारी बाँसबारीले दिनेभन्दा कैयौँ गुणा बढी भयो, कर तिरेका छन् अनि हामी उपभोक्ताले पनि मन परेको र किन्न सक्ने जुत्ता लगाउन पाएका छौँ । सरकारी जुत्ता कम्पनी बन्द गर्दा देशलाई फाइदै भएन र ? त्यही जग्गामा आज नेपालको एउटा उत्कृष्ट अस्पताल (गंगालाल हृदय रोग केन्द्र) स्थापित छ ।

अझै धेरै सरकारी कम्पनी छन्,जुन जनताको नाममा चलाइएका छन् । जनताका लागि सरकारले तीन–तीन वटा वाणिज्य बैंक, बीमा कम्पनी, स्टक एक्सचेन्ज, तीन–तीन वटा पेन्सन फन्ड चलाउनु पर्छ र ? दुई–दुई वटा सिमेन्ट कारखाना जनताकै लागि चलाइएका हुन् ? राणाकालकै शैलीमा सत्ताधारीको स्तुतीगान गर्नेगरी रेडियो, टेलिभिजन पत्रिका सरकारले चलाउनुपर्छ र भन्या ? किताब छाप्नका लागि छापाखाना, हाउजिङ कम्पनी, यातायात कम्पनी, हवाईजहाज सेवा कुन जनताका लागि सरकारले चलाएको हो ?

दुग्ध विकास संस्थानलाई हेरौँ । यसले किसान र उपभोक्ता कसलाई फाइदा पु¥याएको छ ? किसानले दूध बिक्रीको भुक्तानी पाएका छैनन् । व्यापार गर्ने संस्थान अनि किसानले दूध दिएको रकम भुक्तानी गर्न करदाताबाट राज्यकोषमा सञ्चित रकम दिनपर्ने, अनि किन चाहिएको दुग्ध विकास संस्थान ?

समाचारमा आएजस्तो निजीकरण समितिले रुग्ण र कमजोर कम्पनीलाई निजीकरण तथा वर्गीकरणका लागि सिफारिस गरेको हो भने त्यो पनि अधुरो काम हो । निजी क्षेत्रले पनि उद्योग व्यवसायमा चमत्कार गर्न सक्दैनन् । कतिपय उद्योग व्यवसाय असान्दर्भिक भइसकेका हुन्छन् । त्यस्ता कम्पनीमा निजी क्षेत्रले रुचि नदेखाउन सक्छ । त्यस्ता कम्पनी खारेज नै गर्नुपर्छ र तिनको सम्पत्ति अरू नै प्रयोजनमा लगाउनुपर्छ ।

यसैगरी कम्पनी नाफामा छ भन्दैमा सरकारको मातहत राख्नुपर्छ भन्ने छैन । सरकारी कम्पनीको नाफा अस्थायी हो । फेरि नाफा हुन्जेल सरकारी स्वामित्वमा र घाटा थेग्न नसक्ने भएपछि निजीकरण गर्ने कुरा उचित हुँदैन । नाफामा रहँदै विनिवेश गर्न थाल्दा सरकारले पनि उच्च रकम प्राप्त गर्छ । जनकपुर चुरोट कारखाना राम्रैसँग चलेकै बेला प्रख्यात अमेरिकी बहुराष्ट्रिय चुरोट कम्पनी ‘फिलिप मोरिस’ले साझेदारीको प्रस्ताव राखेको थियो । नीति–निर्माताले त्यो प्रस्ताव नदुत्कारेको भए जनकपुर चुरोट कारखानाको वर्तमान अर्कै हुने थियो ।

भोट बटुल्न नेताहरू सरकारी संस्थानलाई माया गरेझैँ गर्छन् । संस्थानप्रति राजनीतिकर्मीले देखाउने देखावटी माया बन्द गर्नुपर्छ । साँच्चिकै नेताले संस्थानलाई माया गर्ने हो भने अर्थतन्त्र,वस्तु तथा सेवाको उत्पादनमा बढोत्तरी, रोजगारी सिर्जना तथा उपभोक्ताको हितमा हुन्छ ।

उकालो

# आयोग होमियो उपनिर्वाचन तयारीमा




**काठमाडौँ ।**
निर्वाचन आयोगले आसन्न स्थानीय तह उपनिर्वाचनमा मनोनयन हुने उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी प्रावधानको पालना गर्न राजनीतिक दल र निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ ।

आयोगले २१ वर्ष उमेर पूरा भएको, उपनिर्वाचन हुने गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानूनले अयोग्य नभएको उम्मेदवारको मात्र मनोयन दर्ता गर्न निर्देशन दिएको हो । यसअघि सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख पदमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हाली रहेको स्थानीय तहको रिक्त पदमा महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्नसमेत निर्देशन दिएको आयोगले जनाएको छ ।

आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ बमोजिम अयोग्य भएको व्यक्ति, गैरनेपाली नागरिक वा नेपालको नागरिक नभएको व्यक्ति र नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्तिलाई स्थानीय तह उपनिर्वाचनमा उम्मेदवार मनोनयन नगर्न निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ ।

यसैगरी कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्ति, निर्वाचनसम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको व्यक्ति उम्मेदवार बन्न नपाउने आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिए ।

भ्रष्टाचार, जबरर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्तिको मनोनयत दर्ता हुने छैन । ङ्गठित अपराधसम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको व्यक्ति, जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने व्यवस्था छ ।

कानूनबमोजिम कालोसूचीमा रहेको व्यक्ति कालोसूचीमा रहेको अवधिभर, कुनै कसूरमा कैदमा बसेको व्यक्ति कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको र प्रचलित कानूनले अयोग्य भएको व्यक्तिको मनोयन दर्ता नहुने आयोगले स्पष्ट पारेको छ । जिल्ला समन्वय समितिको उपनिर्वाचनको हकमा प्रचलित कानून बमोजिम निलम्बनमा रहेका पदाधिकारी उक्त अवधिभर उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको आयोगले जनाएको छ ।

आगामी मङ्सिर १६ गते विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ ।

उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ । मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छभने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने निर्वाचन तालिका छ ।

यसैबीच, आयोगले आगामी मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि सकारात्मक वातावरण तयार गर्न आमसञ्चार माध्यमलाई आह्वान गरेको छ । आयोगले सबै आमसञ्चार प्रतिष्ठान तथा सार्वजनिक सञ्चार माध्यमलाई
उपनिर्वाचनसम्बन्धी सूचना तथा जानकारीमूलक सामग्री सम्प्रेषण तथा प्रचारप्रसार गरी निर्वाचनमा बढीभन्दा बढी सहभागिता सुनिश्चित गर्नसमेत आग्रह गरेको छ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यमसँग मंगलबार भएको छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपनिर्वाचनसँग सम्बन्धित आयोगका निर्णय तथा विज्ञप्तिलाई प्राथमिकता दिन आग्रह गरे । उनले उपनिर्वाचन हुने सबै जिल्लाका सञ्चारमाध्यमले आफ्ना समाचारदातालाई विशेष जिम्मेवारी तोकी निर्वाचनसम्बन्धी
गतिविधिलाई आ–आफ्नो सञ्चारमाध्यममा
प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्न अनुरोध गरेका हुन् ।

आयोगले उपलब्ध गराएका उपनिर्वाचनसम्बन्धी सूचना तथा जानकारीमूलक सामग्रीलाई छापा माध्यमले पहिलो पृष्ठमा प्रकाशनको व्यवस्था मिलाउन आग्रह गरिएको छ ।

निर्वाचन आचारसंहिता अनुसार सबै पक्षले पालना गर्नुपर्ने आचरणसम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन तथा प्रसारण गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा उपनिर्वाचन सम्पन्न गर्ने कार्यमा सहयोग गर्न आयोगले आग्रह गरेको हो ।

सञ्चारमाध्यमको नियमित कार्यक्रमभित्र
उपनिर्वाचनसम्बन्धी छलफल, अन्तरक्रियाजस्ता कार्यक्रम सञ्चालन गर्न तथा विज्ञापन बोर्डले लोककल्याणकारी विज्ञापनमार्फत निर्वाचनसँग सम्बन्धित सामग्री प्रसारण तथा प्रकाशन गर्ने व्यवस्था मिलाउन आयोगले अनुरोध गरेको छ ।

उपनिर्वाचनमा
सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारण हुने सामग्री निर्वाचन आचारसंहिता, २०७९ र पत्रकार आचारसंहिता, २०७३ अनुरुप भए÷नभएको अनुगमन गर्न प्रेस काउन्सिल नेपाललाई आग्रह गरेको छ ।

आयोगले उपनिर्वाचन हुने जिल्लामा रेडियो नेपाल तथा नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति (रासस) र गोरखापत्रका प्रतिनिधिको नेटवर्क तयार गरी समन्वयात्मक रूपमा निर्वाचनसम्बन्धी सूचना सङ्कलन, प्रकाशन, प्रसारण र सम्प्रेषणको उपयुक्त व्यवस्था मिलाउने जिम्मेवारी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई दिएको छ ।

उपनिर्वाचनका समयमा पत्रकार तथा सञ्चारमाध्यमका लागि आवश्यकताअनुसार निर्वाचन आचारसंहिता जारी गरी लागू गर्न प्रेस काउन्सिललाई पत्राचार गर्ने निर्णय आयोगले गरेको छ । रासस

# यस्तो छ सुदूरपश्चिम सरकारको सय दिने उपलब्धि !




**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आफ्नो नेतृत्वको प्रदेश सरकारको एक सय दिनको उपलब्धि सार्वजनिक गरेका छन् । यो अवधिमा राजनीतिक, प्रशासनिक र आर्थिक पक्षमा गरेका कामलाई प्रदेश सरकारले मुख्य उपलब्धि मानेको छ ।

सरकार गठनको एक सय दिनमा सरकारले गरेका कामको उपलब्धि सार्वजनिक गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढीमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री शाहले तोकिएको समयमै चालु आर्थिक वर्षको बजेट आउन नसकेको अवस्थामा आफ्नो नेतृत्वमा सरकार गठन भएपछि सुरुआतका दिनमा राजनीतिक, प्रशासनिक र आर्थिक विषयमा सहमति जुटाएर बजेट ल्याइएको बताए ।

प्रदेशसभाको विश्वास लिई राजनीतिक स्थायित्व तथा सुशासनको प्रत्याभूति दिनेगरी विकास प्रयास र सेवा प्रवाहको बलियो जग बसाउने बाटो तय गर्ने कार्य पूरा भएको उनले बताए । 'राजनैतिक अस्थिरताका बीच स्थिर र स्थायी सरकार दिनुपर्ने सन्देश दिन सफल भएका छौँ', मुख्यमन्त्री शाहले भने,'यस अवधिमा कानूनी संरचना निर्माण र प्रणाली सुधारमा केन्द्रित रह्यौँ ।'

तत्कालीन मुख्यमन्त्री दीर्घबहादुर सोडारी नेतृत्वको सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको नीति कार्यक्रमलाई कार्यान्वयन गर्न समयमै बजेट कार्यक्रम आउन नसक्दा उत्पन्न जटिल परिस्थितिबाट देखिएका समस्यालाई चिर्दै वर्तमान सरकारले गत भदौ ३१ गते बजेट ल्याएको थियो । यस अवधिमा प्रदेशसभाबाट पारित भएको प्रदेश निजामति सेवा (पहिलो संशोधन) ऐन कार्यान्वयनमा आएसँगै प्रशासनिक संयन्त्र चलायमान भएको र आवधिक योजना, विकास कार्यक्रम, बजेट प्राथमिकीकरण तथा सुशासनका लागि गरिएको प्रयासलाई उपलब्धि मानिएको छ । प्रदेशसभा सदस्यको सहभागितमा सम्बन्धित निर्वाचन क्षेत्रको प्राथमिकता, राष्ट्रिय नीति, प्रादेशिक प्राथमिकता, आवधिक योजना, वार्षिक नीतिकार्यक्रमलगायत काममा प्रादेशिक सन्तुलन कायम गरिएको र स्थानीय तहसँगको समन्वय तथा सहकार्य संस्कृतिलाई निरन्तरता दिई प्रदेश सरकारलाई र स्थानीय तहसँग सामाजिक सञ्जालमा जोड्न गरिएको कामलाई पनि उपलब्धि मानिएको छ ।

आयोजना बैङ्कमार्फत आयोजनाको छनोट प्राथमिकीकरण तथा प्रतिफल र औचित्यका आधारमा योजनाको विनियोजन दक्षता र कार्यान्वयन कुशलताका लागि विद्युतीय 'पोर्टल'निर्माण भई आयोजना प्रबिष्ट गर्ने कामलाई उपलब्धिमा समेटिएको छ । यस अवधिमा सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति–२०८१ र आपाङ्गतासम्बन्धी प्रदेश नीति–२०८१, बनेको र ऐनतर्फ प्रदेश निजामति ऐन (पहिलो संशोधन) ऐन–२०८०, सामयिक राजस्व सङ्कलनसम्बन्धी ऐन–२०८१, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन–२०७५ लाई संशोधन गर्न बनेको विधेयक (पहिलो संशोधन)–२०८१ पारित भएको विषयलाई उपलब्धिका रूपमा लिइएको छ ।

चालु आर्थिक वर्ष २०८१÷८२ को सुरुआतका दुई महिना बजेट शून्यतामा रहेको वर्तमान प्रदेश सरकारले बाँकी अवधिमा कुल बजेटको आठ दशमलव शून्य दुई प्रतिशत खर्च गर्न सकेको छ । यस अवधिमा लक्ष्यको तुलनामा २३ दशमलब ९४ प्रतिशत राजस्व परिचालन भएको छ ।

प्रदेशको स्थायी राजधानी स्थापना गर्न तोकिएको स्थलमा जग्गाको अनुमति दिन प्रधानमन्त्रीसमक्ष समन्वय गरिएको जानकारी दिँदै मुख्यमन्त्री शाहले भने,'सङ्घीय सरकारले सो क्षेत्रको जग्गामा राजधानी स्थापना गर्न अनुमति नदिएमा विकल्प अघि बढाइने छ ।' कैलालीको गोदावरी नगरपालिकाको तेघरी क्षेत्रमा प्रदेशको स्थायी राजधानी निर्माण गर्नेसम्बन्धी प्रस्ताव तत्कालीन प्रदेशसभाको बैठकमा दुई तिहाइ बहुमतले पारित भए पनि हालसम्म कुनै काम अघि बढ्न सकेको छैन । रासस

# सरकारसँग जनताको अपेक्षा धेरै छः महत



**बागलुङ ।**
नेपाली कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले वर्तमान सरकारसँग जनताले विकास–निर्माणलगायत जनजीविकाका विषयमा धेरै अपेक्षा गरेका बताएका छन् ।

नेपाली कांग्रेस बागलुङ जिल्ला कार्यसमितिले मंगलबार गरेको कार्यकर्ता भेटघाटमा उनले सरकारमा सहभागी राजनीतिक दलले जनता केन्द्रित काम गर्नुपर्नेमा जोड दिए ।

देशमा जति नयाँ पार्टी खुले पनि पुरानै पार्टीले मुलुक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका उनको भनाइ थियो ।

विसं २०४६ को परिवर्तनपछि देशमा विकास निर्माणका कार्यले गति लिएका बताउँदै पूर्व अर्थमन्त्री डा.महतले नेपाली कांग्रेस आगामी निर्वाचनमा कुनै पनि राजनीतिक दलसँग गठबन्धन नगरी एक्लै प्रतिस्पर्धामा जानुपर्ने विचार व्यक्त गरे ।

'पार्टीको सुदृढीकरणका लागि सम्पूर्ण कार्यकर्ता एकताबद्ध हुनुपर्छ', उनले भने । स्थानीय तहबाटै नेता तथा कार्यकर्ताबीच एकता हुनुपर्नेमा जोड दिँदै उनले व्यक्तिभन्दा माथि पार्टीलाई राख्नुपर्ने बताए । रासस

# पोखरेल नेतृत्वको एमाले टोली चीनतिर



**काठमाडौं ।**
चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा नेपाल कम्युनिष्ट पार्टी(एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल नेतृत्वको १५ सदस्यीय प्रतिनिधिमण्डल चीन प्रस्थान गरेको छ ।

प्रतिनिधिमण्डलमा पार्टी सचिव लेखराज भट्ट,स्थायी कमिटी सदस्य गोरखबहादुर बोगटीलगायत छन् । प्रमण्डल नानजिङगमा आयोजना हुने 'दोस्रो ग्लोबल साउथ थिन्क ट्याङ्क फोरम' मा सहभागी हुने प्रचार विभाग सदस्य दीपक ज्ञवालीले जानकारी दिए । फोरमलाई वरिष्ठ उपाध्यक्ष पोखरेलले सम्बोधन गर्नेछन् ।

प्रमण्डल जाङ्सु, उहान, बेइजिङलगायत स्थानमा आयोजना हुने औपचारिक कार्यक्रमहरूमा सहभागी भएर आगामी मङ्सिर ६ गते स्वदेश फर्कनेछ ।

प्रमण्डललाई रक्षामन्त्री मानवीर राई, सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारी, केन्द्रीय कार्यलय सचिव डा. भीष्म अधिकारी, विदेश विभाग सदस्य गोपाल खनालले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा बिदाई गरेका थिए ।
रासस

# 'धर्मका नाममा राजनीति हुनुहुँदैन'




**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि धर्मका नाममा राजनीति हुन नहुने बताएका छन् । प्रधानमन्त्री निवासमा मंगलबार जैनश्वेताम्बर तेरापन्थ सभाका पदाधिकारीसँगको भेटमा प्रधानमन्त्रीले धर्म निरपेक्ष हाम्रो मुलुकमा राज्यले सबै धर्मलाई सम्मान गर्ने भएकाले यसका नाममा राजनीति हुन नहुने बताएका हुन् ।

'नेपालमा एकातिर हिन्दू राज्य हुनुपर्छ भनेर अभियान चलाइएको छ । अर्कातिर इसाई धर्म विस्तारका नाममा गरिबीको दुरुपयोग गरिएको छ', प्रधानमन्त्री ओलीले भने,'यस्ता कुराहरूलाई हामी क्रमशः नियन्त्रण गर्छौं । हामीले कुनै पनि धर्मका नाममा असहिष्णुता र सङ्कीर्णता राख्नु हुँदैन । कुन धर्म मान्ने भन्ने मान्छेको व्यक्तिगत आस्थाको कुरा हो । त्यसको हामी सम्मान गर्छौं ।'

आचार्य महाश्रमणका शिष्यहरू रमेशकुमार र रत्नकुमारले समाजमा नैतिकता, सद्भावना, मानवता, नशामुक्त समाज निर्माणका साथै शान्तिका लागि आफूहरूले गरेका कामबारे प्रधानमन्त्रीलाई जानकारी दिएका थिए । रासस

# बागमतीमा फुटाइयो मन्त्रालय !



**मकवानपुर ।**
बागमती प्रदेश सरकारले मन्त्रालय विभाजन गरेको छ ।

मंगलबार बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयबाट सहकारीलाई अलग गरी सहकारी तथा गरिबी नियन्त्रण मन्त्रालय बनाएको हो । विना विभागीयमन्त्री मधु श्रेष्ठलाई जिम्मेवारी तोक्न मुख्यमन्त्री बहादुर सिं लामा नेतृत्वको सरकारले मन्त्रालयको सङ्ख्या बढाएको हो । यससँगै प्रदेशमा मन्त्रालयको कुल सङ्ख्या १४ पुगेको छ ।

विना विभागीय मन्त्री श्रेष्ठलाई छिट्टै मन्त्रिपरिषद्को बैठकले जिम्मेवारी प्रदान गर्ने सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । श्रेष्ठ कांग्रेसबाट निर्वाचित प्रदेशसभा सदस्य हुन् । उनले गत साउन ९ गते विना विभागीय मन्त्रीको शपथ लिएका थिए । रासस

# यस्तो छ उद्योग मन्त्रालयको तीन महिने प्रगति



**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक तथा चालु आर्थिक वर्ष २०८१÷८२ को प्रथम त्रैमासिकको प्रगति समीक्षा गरेको छ ।
मंगलबार काठमाडौँमा भएको बैठकमा मन्त्रालय र अन्तर्गतका निकायहरूको त्रैमासिक प्रगतिका साथै आयोजनाहरूको वित्तीय एवं भौतिक प्रगतिको अवस्था, कार्यान्वयनमा आइपरेका समस्या तथा चुनौती र समाधानका लागि गरिएका प्रयासहरूबारे योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुखहरूले प्रस्तुतीकरण राखेका थिए ।
बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य डा.प्रकाशकुमार श्रेष्ठले पुँजीगत खर्च हुन नसक्नुका कारण पहिचान गरी आगामी दिनमा समस्या नदोहोरिने गरी प्राथमिकताका आधारमा नागरिकले अनुभूत गर्ने गरी कार्य गर्न सुझाव दिए ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयका प्रतिनिधिले मन्त्रालयगत सहकार्य र समन्वयबाट योजना कार्यान्वयनमा आइपरेका समस्या समाधान गरी मुलुकमा उत्पादनशील रोजगारी अभिवृद्धिमार्फत समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन लक्ष्य हासिल गर्न सकिने बताउँदै त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालय सदैव तयार रहेको बताए ।
त्यस अवसरमा मन्त्री दामोदर भण्डारीले अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्न, उत्पादन वृद्धिमा टेवा पु¥याउन, उद्योग तथा वाणिज्य क्षेत्रका पूर्वाधार निर्माणको लक्ष्यअनुरूप प्रगति हासिल गर्न, छिमेकी तथा व्यापार सम्भावना भएका देशहरूसँग व्यापार तथा लगानी सम्झौता गर्ने, वैदेशिक लगानी बढाउन नीतिगत तथा प्रक्रियागत सुधारमा जोड दिन आग्रह गरे ।
'एकलविन्दु सेवा केन्द्र प्रभावकारी बनाउन, व्यापार घाटा कम गर्न स्वदेशी उत्पादनमा जोड दिन, सेवा प्रवाहलाई सहज बनाउन, आपूर्ति प्रणालीको व्यवस्थापनलगायत क्षेत्रको सुधारका लागि मन्त्रालयले हरसम्भव प्रयत्न गरिरहेको सन्दर्भमा कर्मचारीहरूलाई देखिने, सुनिने र नागरिकले अनुभूत गर्ने गरी उत्प्रेरित भएर काम गर्न आवश्यक छ', उनले भने,'आगामी दिनमा मन्त्रालयको वार्षिक कार्ययोजनाबमोजिम नतिजा हासिल गर्ने गरी प्रभावकारी रूपमा कार्यसम्पादन गर्न मन्त्रालय एवं विभाग र सम्बद्ध निकायका प्रमुखहरूलाई मेरो आग्रह र निर्देशन छ ।'
बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य, मन्त्रालयका सचिवद्वय, महाशाखा प्रमुख, मन्त्रालयअन्तर्गतका विभाग तथा निकायका प्रमुख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयका पदाधिकारी तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।रासस

# काटिएको विद्युत जोड्ने प्राधिकरण बोर्डको निर्णय

**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरण सञ्चालक समिति (बोर्ड) ले उद्योगमा काटिएको बिजुली जोड्ने निर्णय गरेको छ ।
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा मंगलबार बसेको बोर्ड बैठकले कात्तिक २५ गतेको मन्त्रिपरिषद् बैठकको निर्णय कार्यान्वयन गर्दै काटिएका उद्योगमा तत्काल बिजुली जोड्ने निर्णय गरेको बोर्डका अध्यक्ष एवम् ऊर्जामन्त्री दीपक खड्काले जानकारी दिए ।
मन्त्रिपरिषद्को बैठकले डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुललाई लिएर उद्योगमा काटिएको बिजुली २४ घण्टाभित्र जोड्ने निर्णय गरेको थियो ।
'१५ दिनभित्र टाइम अफ डे (टिओडी) मिटरका आधारमा बक्यौता असुलउपर गर्ने मन्त्रिपरिषद्को निर्णयलाई कार्यान्वयन गरेर अगाडि बढ्ने निर्णय भएको छ,' मन्त्री खड्काले भने ।
उनले प्राधिकरणले विद्युत् प्रयोग गरेवापत बिल दिनुपर्ने र व्यवसायीले सोअनुसार रकम तिर्नुपर्ने बताए । 'बिल दिन सकेन भने प्राधिकरणका कर्मचारीमाथि कारबाही हुन्छ, तिर्नुपर्ने पैसा तिरेन भने व्यवसायीमाथि कारबाही हुन्छ,' मन्त्री खड्काको भनाइ छ ।रासस

# सिभिलका पीडितले मागे सात अर्ब बचत




**काठमाडौँ ।**
बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेको सिभिल सहकारीका एक हजार ६०० पीडितले करिब सात अर्ब रुपैयाँ बचत माग गरेका छन् ।
बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले सिभिल सहकारी पीडितका लागि माग दाबीको निवेदन दिन जारी गरेको ३५ दिने सूचना सोमबार सकिएको थियो । सोमबार एक हजार ६०० पीडितले सात अर्ब रुपैयाँ दाबी गरेको समितिका अध्यक्ष एवं वरिष्ठ अधिवक्ता प्रभात अधिकारीले जानकारी दिए ।
सिभिल सहकारीलाई बागमती प्रदेश सरकारले २०८० भदौ २१ गते समस्याग्रस्त घोषणा गरेको थियो । प्रदेश सहकारी ऐन, २०७६ अनुसार सिभिललाई समस्याग्रस्त घोषणा गरेको थियो । सिभिललाई समस्याग्रस्त घोषणा गरेपछि प्रदेश सरकारले २०८० पुस २२ गते समिति गठन गरेको थियो । समितिमा हाल अध्यक्षसहित तीन सदस्य छन् । बाँकी तीन सदस्य भने पदपूर्ति हुन बाँकी रहेको जनाइएको छ ।
सहकारीका अध्यक्ष इच्छाराज तामाङ अहिले पनि जेलमा छन् । तामाङले सहकारीबाट सात अर्ब रुपैयाँ ऋण लिएको कागजातबाट देखिएको अध्यक्ष अधिकारीले बताए । समितिले अनामनगरमा कार्यालय खोली गत असारदेखि काम सुरु गरेको छ । बागमती प्रदेश सरकारले यही कात्तिक ११ गते कीर्तिपुरको दर्शन सहकारीलाई पनि समस्याग्रस्त घोषणा गरेको छ ।रासस

# पाथीभरामा डिजिटल भेटी !



**ताप्लेजुङ ।**
ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरामा भक्तजनहरूले अब डिजिटल माध्यमबाट भेटी चढाउन मिल्ने भएको छ । लक्ष्मी सनराईज बैंक ताप्लेजुङसँगको सहकार्यमा पाथीभरा क्षेत्र विकास समितिले पाथीभरा आउने भक्तजनले डिजिटल माध्यमबाट भेटी चढाउन सक्ने व्यवस्था गर्न लागेको हो ।
पाथीभरा क्षेत्र विकास समितिले लक्ष्मी सनराईज बैंकमा भेटी खाता सञ्चालन गरेको र उक्त खाताको 'क्यूआर कोड'मार्फत भक्तजन तथा दाताहरूले भेटी जम्मा गर्न मिल्ने समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले बताए । उनका अनुसार मंगलबार लक्ष्मी सनराईज बैंक ताप्लेजुङ शाखाका प्रबन्धक अनिल श्रेष्ठले पाथीभरा क्षेत्र विकास समितिलाई क्यूआर कोड हस्तान्तरण गरे ।
समितिका अनुसार उक्त क्यूआर कोड तत्काल पाथीभरा मन्दिर परिसरमा राखिने छ । जसले भक्तजनलाई सुविधा प्रदान गर्ने अपेक्षा गरिएको छ । मन्दिर क्षेत्रमा मोबाइल नेटवर्क उपलब्ध भए पनि इन्टरनेटको सुविधा राम्रो नभएकाले टेलिकमसँग समन्वय गरी इन्टरनेट विस्तार गरिने जनाइएको छ ।रासस

# नेप्से परिसूचक ओरालो

**काठमाडौँ ।**
अघिल्ला दिनका तुलनामा धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार भने ओरालो लागेको छ । लगातार उकालो लागेको नेप्से परिसूचक आज भने ११ दशमलव २४ अङ्कले ओरालो लागेर दुई हजार सात सय ४८ दशमलव ९६ मा सीमित भएको छ ।
ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ९३ अङ्कले ओरालो लागेर चार सय ८८ दशमलव ७८ मा सीमित भएको छ । कारोबार भएकाक १३ उपसमूहमध्ये आज तीन उपसमूहको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ । कूल एक करोड ६७ लाख ८६ हजार नौ सय ३४ कित्ता शेयर सात अर्ब ८५ करोड ९७ लाख ४० हजार सात सय ९८ रुपैयाँमा खरिदबिक्री भएको छ ।
नेप्सेका अनुसार गुराँस लघुवित्त, मेछ्याङ हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । वेस्ट फाइनान्स नौ दशमलव ९९, एनएलजी इन्स्योरेन्स कम्पनी नौ दशमलव ९९ र समृद्धि फाइनान्सका लगानीकर्ताले नौ दशमलव ६१ प्रतिशतले कमाएका छन् । गुडविल फाइनान्स नौ दशमलव ३६,आँखु खोला जलविद्युत् कम्पनी चार दशमलव ९१,माछापुच्छ«े बैङ्क चार दशमलव ५९,अप्पर हेवाखोला हाइड्रोपावर कम्पनी तीन दशमलव ७१ र हिमालय बैङ्कको बन्डका लगानीकर्ताले तीन दशमलव ४८ प्रतिशतले गुमाएका छन् ।रासस

# नेपालले हरायो कुवेतलाई



**काठमाडौँ ।**
कप्तान पूजा महतोले ब्याटिङ र बलिङमा उत्कृष्ट खेल प्रदर्शन गरेपछि युनाइटेड अरब इमिरेट्स (युएई) मा जारी आइसीसी यु–१९ महिला टि–२० विश्वकपको एसिया छनोटको पाचौँ खेलमा नेपाल विजयी भएको छ । केहीबेर अघि सम्पन्न उक्त खेलमा नेपालले कुवेतलाई एक सय ६५ रनको फराकिलो अन्तरले हराएको हो । सो अवसरमा महतोले ब्याटिङतर्फ शतकीय पारी खेल्नुका साथै बलिङतर्फ पाँच विकेट लिइन् । उनले नेपालबाट एउटै खेलमा शतक प्रहार तथा पाँच विकेट लिने पहिलो खेलाडी बन्दै इतिहाससमेत रचेकी छिन् ।
युएईको अजमानस्थित द सेभेन रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरको खेलमा दुई विकेट गुमाएर दुई सय १३ रन बनायो । दुई सय १४ रनको लक्ष्य पछ्याएको कुवेतले १३ ओभरमा सबै विकेट गुमाएर ४८ रन मात्रै बनायो ।
कुवेतका लागि जिफा जिलानीले सर्वाधिक ३६ रन बनाइन् । उनले ४२ बलमा सात चौका प्रहार गरिन् । जिफाबाहेक कुवेतका कुनै पनि खेलाडीले दोहोरो अङ्कले रन बटुल्न सकेनन् । नेपालले कुवेतलाई सात अतिरिक्त रन दिएको थियो ।
बलिङतर्फ नेपालका लागि कप्तान महतोले पाँच तथा रचनाकुमारी चौधरी र सीमा केसीले दुई दुई विकेट लिइन् ।
यसअघि नेपालका लागि ब्याटिङ गर्ने क्रममा कप्तान पूजा महतोले एक सय तीस रन बनाइन् । उनले ६९ बल खेल्ने क्रममा १७ चौका प्रहार गरिन् । यस्तै, सोनी पाख्रीनले ३३ बलमा दुई चौकाको मद्दतमा ४३, सावित्री धामीले ११ र साना प्रवीनले ६ रनको योगदान दिइन् । कुवेतले नेपाललाई २३ अतिरिक्त २३ रन दिएको थियो ।
बलिङतर्फ कुवेतका लागि जिफा जिलानी र रेलिन मारिया डी सुजाले एक एक विकेट लिए । नेपालले अब बुधबार यूएईसँग प्रतिस्पर्धा गर्नेछ । छनोट खेलमा आयोजक युएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली सन् २०२५ मा मलेसियामा हुने यु–१९ विश्वकपमा छनोट हुनेछ ।रासस

# उत्तर कोरियाद्वारा रूससँगको सुरक्षा सम्झौता अनुमोदन



**सियोल ।**
उत्तर कोरियाले रुससँग गरेको ऐतिहासिक सुरक्षा सम्झौता अनुमोदन गरेको छ । यसले सुरक्षा सहयोगलाई अझ प्रगाढ बनाएको छ । यसै सम्झौताका आधारमा प्योङ्याङले मस्कोलाई युक्रेनविरुद्ध लड्न मद्दत गर्न हजारौं सैनिक पठाएको हो । यो सम्झौताले शीतयुद्धदेखि सहयोगी रहेका दुई समाजवादी मुलुकबीच महिनौंदेखिको सैन्य सम्बन्धलाई औपचारिकता दिएको छ ।
सियोल र सहयोगी संयुक्त राज्य अमेरिकाले आणविक शक्ति सम्पन्न उत्तर कोरियाले रुसमा हजारौं सैनिक पठाएको आरोप लगाउँदै आएका छन्। उत्तर कोरियाली सैनिकलाई रूसी पोशाकले सुसज्जित गरी कुस्क नजिकैको सीमामा जम्मा गरिएको ती मुलुकका सैनिक अधिकारीले बताएका छन् ।
कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) का अनुसार उक्त सम्झौतालाई नेता किम जोङ उनको आदेशको रुपमा अनुमोदन गरिएको छ । राष्ट्रपति भ्लादिमिर पुटिनले हस्ताक्षर गरेको उक्त सम्झौतालाई अनुमोदन गर्न गत साता रुसी सांसदहरूले सर्वसम्मतिले मतदान गरेपछि उत्तर कोरियाका तर्फबाट यो सूचना आएको हो । केसीएनएले भनेको छ,'दुवै पक्षले अनुमोदनका लिखत आदानप्रदान गरेको दिनदेखि यो सम्झौता लागू हुने बताइएको छ ।'उत्तर कोरिया युक्रेनमा रूसको आक्रमणको सबैभन्दा मुखर र महत्वपूर्ण समर्थक बनेको छ ।
पश्चिमा राष्ट्रहरूले लामो समयदेखि मस्कोलाई युक्रेनमा प्रयोग गर्नका लागि तोपका गोला र क्षेप्यास्त्रहरू आपूर्ति गरेको आरोप प्योङयाङलाई लगाउँदै आएका थिए तर हालैका हप्ताहरूमा हजारौं उत्तर कोरियाली सैनिकहरू युद्धमा संलग्न हुन तयार भएपछि यो समर्थन बढेको छ ।
दुई देशबीचको सम्झौता गत जुनमा क्रेमलिन प्रमुखको उत्तर कोरिया भ्रमणका क्रममा रणनीतिक साझेदारी सन्धिमा हस्ताक्षर गरेका थिए । यसले दुवै देशलाई एकअर्कामाथि आक्रमण भएमा 'अविलम्ब' सैन्य सहायता प्रदान गर्न र पश्चिमी प्रतिबन्धहरूको विरोध गर्न अन्तर्राष्ट्रिय रूपमा सहयोग गर्न बाध्य बनाएको छ । पुटिनले गत जुनमा भएको सम्झौतालाई 'ब्रेक थ्रु डकुमेन्ट' को संज्ञा दिएका थिए ।रासस

# पर्यटकको संख्या वृद्धि हुँदा होटल व्यवसाय चलायमान

**ताप्लेजुङ ।**
पछिल्ला वर्षमा ताप्लेजुङस्थित कञ्चनजङ्घा क्षेत्रमा भ्रमण गर्ने पर्यटकको सख्यांमा उल्लेखनीय वृद्धि भएको छ । आठ हजार पाँच सय ८६ मिटरको सो हिमाल विश्वकै तेस्रो अग्लो हो । आन्तरिक तथा बाह्य पर्यटक दुवैको उपस्थितिले यस क्षेत्रको पर्यटन व्यवसायमा नयाँ उचाइ थपेको छ ।

वर्षभरि कञ्चनजङ्घा क्षेत्रमा दुई मुख्य पर्यटकीय मौसम छन् । पहिलो याम चैत, वैशाख र जेठमा हुन्छ भने दोस्रो भदौदेखि मङ्सिरसम्म चल्छ । यस वर्षको भदौदेखि शुरु भएको याममा हालसम्म करिब सात सय ५० विदेशी पर्यटक कञ्चनजङ्घा क्षेत्रमा पुगेका कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् घुन्सा जाँचचौकी (चेकपोष्ट) कार्यालयको तथ्याङ्क छ । आन्तरिक पर्यटकको संख्या भने विदेशी पर्यटकको दोब्बर रहेको स्थानीय व्यवसायी बताउँछन् ।

परिषद्का पर्यटन सहायक टासीतेन्जिङ शेर्पाका अनुसार यसपटकको भ्रमणमा मुख्यतया फ्रान्स, अष्ट्रेलिया, जर्मनी र अमेरिकाजस्ता देशबाट पर्यटक आएका छन् । गत वर्षका तुलनामा यस वर्ष अझ बढी पर्यटक आएका छन्, यसले स्थानीय व्यवसायीलाई पनि उत्साहित बनाएको पर्यटन व्यवसायी पेमा शेर्पाले बताए ।

कञ्चनजङ्घा भ्रमणमा आन्तरिक पर्यटकको संख्या पनि बढिरहेको छ । दशैँतिहारका समयमा आन्तरिक पर्यटकको ठूलो उपस्थिति देखिएको छ । दशैँतिहारका बेला विशेषगरी स्थानीय र नेपाली पर्यटकले परिवारसहित कञ्चनजङ्घा आधार शिविरको यात्रा गर्दछन् । होटल व्यवसायी सेराप शेर्पाका अनुसार चाडपर्वका बेला आन्तरिक पर्यटकले कञ्चनजङ्घा क्षेत्रका होटल र लज पूर्ण रूपमा भरिएका थिए ।

सदरमुकाम फुङ्लिङका होटल सञ्चालक विमल भण्डारीका अनुसार गत वर्षको तुलनामा यस वर्ष आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा २० प्रतिशत वृद्धि भएको छ । उनले भने, 'कञ्चनजङ्घा भ्रमणका लागि आएका पर्यटकले हाम्रो होटल व्यवसायलाई चलायमान बनाएको छ ।'

कञ्चनजङ्घा क्षेत्रमा बढेको पर्यटक आगमनले स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याएको छ । होटल, रेस्टुराँ, ट्रेकिङ गाइड, पोर्टर र हस्तकला व्यवसायमा उल्लेखनीय वृद्धि भएको छ । फुङ्लिङसहित आधार शिविर क्षेत्रमा सञ्चालित होटलमा पर्यटकको बाक्लो उपस्थिति देखिन्छ । स्थानीय पर्यटन व्यवसायीका अनुसार यसपटकको सिजनमा होटलका आम्दानीमा ३० प्रतिशतभन्दा बढी वृद्धि भएको छ ।

पर्यटन व्यवसायी फुपुछोहाङ शेर्पाका अनुसार कञ्चनजङ्घा पर्यटक आगमनले ट्रेकिङ गाइड र पोर्टर पनि लाभान्वित भएका छन् । त्यस्तै यातायात व्यवसायीसमेत लाभान्वित भएका छन् । मौसम प्रतिकूल नभएसम्म गाइड र पोर्टरले राम्रो आम्दानी गर्ने अवसर पाउँछन् । पर्यटन सहायक टासीतेन्जिङ शेर्पाका अनुसार विदेशी पर्यटक प्रायः लामो अवधि बस्ने हुँदा गाइड, पोर्टर र टेन्सनको माग पनि बढेको छ ।

कञ्चनजङ्घा क्षेत्रलाई विश्वकै महत्त्वपूर्ण पर्यटकीय गन्तव्य बनाउन विभिन्न संरक्षण तथा प्रवर्द्धन गतिविधि चलाइएको छ । कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्ले स्थानीय समुदाय र व्यवसायीसँग मिलेर पर्यटन प्रवर्द्धनमा काम गरिरहेको छ । स्थानीय व्यवसायी पनि पर्यटकीय पूर्वाधार सुधार गर्न सक्रिय छन् ।

पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम आयोजना गरिँदै आएका छन्, जसमा हिमाली पर्वतारोहण मेला, सांस्कृतिक महोत्सव र स्थानीय उत्पादनको प्रदर्शनीजस्ता कार्यक्रम समावेश छन् । यस्ता गतिविधिले पर्यटकलाई आकर्षित गर्ने र स्थानीय उत्पादनलाई प्रवद्र्धन गर्ने लक्ष्य राखिएको छ ।

कञ्चनजङ्घा क्षेत्रमा पर्यटक आवतजावत गर्ने मुख्य दुई सिजन भए पनि असार र साउनमा वर्षाका कारण ट्रेकिङ मार्ग अवरुद्ध हुने समस्या रहन्छ । यसबाहेक पुस, माघ र फागुनमा हिमपातले गर्दा ट्रेकिङ मार्ग कठिन बन्छ, जसले गर्दा पर्यटकको आगमनमा कमी आउने गरेको घुन्सा क्षेत्रमा होटल सञ्चालक कान्छा शेर्पाले बताए ।

कञ्चनजङ्घा क्षेत्रको पर्यटनलाई दिगो बनाउने उद्देश्यका साथ विभिन्न योजना निर्माण भइरहेका छन् । स्थानीय प्रशासन र पर्यटन व्यवसायीको सहकार्यमा पर्यटकीय पूर्वाधार विकास गर्न पहल हँुदै आएको छ । पर्यटन सहायक शेर्पाका अनुसार नयाँ पदमार्गको विकास, सुरक्षित आवास सुविधा र मार्गनिर्देशिका तयार पार्न विशेष योजना बनाइएको छ । यसका साथै पर्यटकको सुविधाका लागि आधार शिविर क्षेत्रमा वाइफाइ, प्राथमिक उपचार केन्द्र र पर्यावरणमैत्री शौचालयको व्यवस्थापनमा ध्यान दिइएको छ ।

कञ्चनजङ्घा क्षेत्र नेपालको एक महत्त्वपूर्ण पर्यटकीय सम्पदा हो, जसले आन्तरिक तथा बाह्य दुवै पर्यटकलाई आकर्षित गरिरहेको छ । पछिल्लो समय पर्यटकको संख्यामा भएको वृद्धिले स्थानीय व्यवसायलाई चलायमान बनाएको छ भने रोजगारका अवसर पनि बढेका छन् । पछिल्लो समयमा जलवायु परिवर्तन र मौसमको अनिश्चितताले दीर्घकालीन चुनौती सामना गर्नुपर्ने देखिन्छ । रासस

## अस्पताल सञ्चालन गर्न
# 'समावेशी श्रीमद् भागवत सप्ताह महापुराण'

**इलाम ।**
चुलाचुली गाउँपालिकामा १५ शय्याको आधारभूत अस्पताल निर्माण पूरा भएको छ । चुलाचुली गाउँपालिका–२ बाह्रगोठेमा आर्थिक वर्ष २०७७÷७८ देखि निर्माण शुरु गरिएको अस्पताल भवन निर्माण पूरा भएको हो ।

सङ्घीय सरकारको सहयोगमा १२ करोड ९० लाख रुपैयाँ लागतमा अस्पताल निर्माण पूरा भएको चुलाचुली गाउँपालिकाका अध्यक्ष राजेन्द्र केरुङले जानकारी दिए । पन्ध्र कठ्ठा १० धुरमा तीनतले अस्पताल निर्माण गरिएको हो । अस्पताल भवन निर्माणसँगै मङ्सिर २ गतेदेखि चौबीसै घण्टा सेवा प्रवाह गर्नेगरी औपचारिक उद्घाटनको तयारी गरिएको छ ।



यसैबीच अस्पताल सञ्चालन सहयोगार्थ चुलाचुली गाउँपालिकाले 'समावेशी श्रीमद् भागवत सप्ताह महापुराण' आयोजना गरेको छ । अस्पताल परिसरमा आयोजना गरएको महापुराण आगामी मङ्सिर २ गतेसम्म सञ्चालन हुने पुराण व्यवस्थापन समिति संयोजक जनक कोइरालाले जानकारी दिए । महापुराणमा मुख्यगरी हिन्दू, बौद्ध र किराँत धर्मका धर्मगुरुले कथावाचन एवम् प्रवचन दिने उनले बताए ।

गाउँपालिकामा पहिलोपटक १५ शय्याको अस्पताल निर्माण गरिए पनि सञ्चालनका लागि आर्थिक समस्या भएकाले आर्थिक सहयोग जुटाउन बहुधार्मिक प्रवचनसहितको समावेशी महापुरण आयोजना गरिएको गाउँपालिका अध्यक्ष केरुङले बताए । 'अस्पतालको भवन निर्माण भइसकेको छ, तर उपकरण खरिद र जनशक्ति व्यवस्थापनमा आर्थिक समस्याका कारण अस्पताल सञ्चालन गर्न सकिएको छैन', अध्यक्ष केरुङले भने, 'अस्पताल सञ्चालन गर्न सहयोग जुटाउने उद्देश्यका साथ महापुराण आयोजना गरिएको छ ।' महापुराणबाट सङ्कलित रकमबाट अस्पताल सञ्चालनका लागि छुट्टै दिगो अक्षयकोष स्थापना गरिने उनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत दिलकुमार लिम्बूले अस्पतालन सञ्चालनका लागि दिगो स्रोतको सुनिश्चतता गर्न अक्षयकोषका लागि महापुराण आयोजना गरिएको बताए । 'अस्पताल सञ्चालनको सबै खर्च गाउँपालिकाले नै ब्यहोर्नुपर्ने हुन्छ', उनले भने, 'गाउँपालिकाले धान्न नसक्ने भएकाले अक्षयकोष बनाउन महापुराण आयोजना गरिएको हो ।'

महापुराणमा श्रीमद् भागवत, पाठपारायणसँगै नियमित रूपमा भजनकीर्तन, चर्चित धार्मिक प्रवचक राधिका दासी, केवलकृष्ण अधिकारी, मुन्धुम अध्येता चन्द्रकुमार शेर्मासहित विभिन्न धर्मगुरुबाट आलोपालो गरी फरकफरक दिन प्रवचन सुनाउने व्यवस्था मिलाइएको पुराण व्यवस्थापन समिति सचिव विवश बलिभद्र कोइरालाले जानकारी दिए । विभिन्न जातजाति, भाषाभाषी र धर्मानुरागीहरूको समिश्रण रहेको चुलाचुली गाउँपालिकालाई आपसी सद्भाव र एकताको सन्देश दिनका लागि महापुराणले योगदान पुर्याउने गाउँपालिको अपेक्षा रहेको अध्यक्ष केरुङको भनाइ छ । रासस

# राष्ट्रिय गुरुकुल शिक्षा परिषद् पुनर्गठन



**काठमाडौँ ।**
राष्ट्रिय गुरुकुल शिक्षा परिषद् नेपालको अध्यक्ष प्रा डा श्रीराम अधिकारी निर्विरोध निर्वाचित भएका छन् । परिषद्को सोमबार वैदिक अनुसन्धान गुठी गौरीघाटमा बसेको बैठकले अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको हो । नवगठित कार्यसमितिमा सावित्री टण्डन, अर्जुन पाण्डेय, श्रीराम तिमल्सिना, फणीन्द्रप्रसाद पौडेल क्रमशः उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष हुन् । यसैगरी परिषद्को सदस्यमा शान्ता भट्टराई, अग्नि उपाध्याय, देवराज उपाध्याय, तेजकुमार भट्टराई रहेका छन् । पुनःगठित समितिलाई एक हजार आठ स्वामी डा केशवानन्द गिरी र एक हजार आठ स्वामी निश्शेषानन्दज्यूले रुद्राक्ष माला लगाएर सफल कार्यकालको शुभकामना दिएका थिए । परिषद्को स्थापना विसं २०६२ मा देवघाटमा सम्पन्न संस्कृत गुरुकुल विद्यालयका प्रतिनिधि र संस्कृतानुरागी अन्य महानुभावहरूबाट सुरु भएको परिषद् गठन गर्ने अवधारणामा आधारित भई पुनःगठित गरिएको हो ।

कार्यक्रममा स्वामी जगन्नाथाचार्य, संस्थापक अध्यक्ष प्रा डा गुरुप्रसाद सुवेदी र मेचीदेखि महाकालीसम्मका ३० भन्दाबढी गुरुकुलका प्रतिनिधिको विशेष सहभागितामा भेला आयोजना गरिएको हो ।

स्वामी केशवानन्द गिरिले गुरुकुललाई प्रविधिसँग जोडिन आग्रह गर्दै आफ्नो संस्थाले पनि प्रविधिसँग जोडिएर विभिन्न काम गरेको बताए । श्री एक हजार आठ स्वामी निशेषानन्दले शुभकामना मन्तव्य राख्दै गर्दा विद्यार्थी धेरैलाई संस्कृत पढाएको भन्दै तीमध्ये निकै कममात्र संस्कृतका क्षेत्रमा लागेको पाइएकाले सबैलाई दक्ष विद्यार्थी उत्पादन गर्न र संस्कृत क्षेत्रमा निःस्वार्थ काम गर्न प्रेरणा दिनुपर्नेमा उनले जोड दिए । परिषद्ले शिक्षा मन्त्रालयअन्तर्गत रही देशभर फैलिएका गुरुकुललाई सहयोग गर्दै आएको छ । रासस

# एउटै विद्यालयमा १२ वटा अक्षयकोष

**खोटाङ ।**
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–५ लफ्याङमा सञ्चालित श्री माध्यमिक विद्यालय बाँसबोटेमा अक्षयकोषको संख्या १२ पुगेको छ । कक्षा १२ सम्म अध्ययन÷अध्यापन हुँदै आएको माविको ६४औँ वार्षिकोत्सवमा 'किराँत चाम्लिङ राई चन्दाहँछा' परिवारले ५१ हजार रुपैयाँ राशिको अक्षयकोष स्थापनासँगै उक्त विद्यालयमा अक्षयकोषको संख्या १२ पुगेको हो ।



पहिलो चरणमा ५१ हजार रकम जम्मा गरेर स्थापना गरिएको अक्षयकोषलाई बर्सेनि बढाउँदै लैजाने योजना रहेको अक्षयाकोषका संरक्षक एवम् जिल्ला समन्वय समिति खोटाङका पूर्वप्रमुख बबि चाम्लिङले जानकारी दिए । अक्षयकोषबाट आएको ब्याजले हरेक वर्ष सर्वोत्कृष्ट अङ्क ल्याएर कक्षा १२ उत्तीर्ण गर्ने एकजना विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि प्रतोत्साहनस्वरुप पुरस्कृत गरिने जनाइएको छ ।

अक्षयकोषका लागि चन्दाहँछा परिवारले उपलब्ध गराएको नगद रकम जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईमार्फत विद्यालय प्रशासनलाई हस्तान्तरण गरिएको छ । विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि दिवङ्गत आफन्तको स्मृति तथा वंश नाम राखेर विद्यालयमा अक्षयकोष स्थापना गरिएको अभिभावकले बताएका छन् ।

विसं २०१७ मा स्थापना भएको विद्यालयमा यसअघि एकै वर्ष चारवटा अक्षयकोष स्थापना भएको थियो । विसं २०६८ मा एक लाख ११ हजार ११ रुपैयाँ राशिको स्वर्गीय मनमाया राई स्मृति अक्षयकोष, ७८ हजार तीन सय १३ रुपैयाँ राशिको भूतपूर्व विद्यार्थी अक्षयकोष, ५५ हजार रुपैयाँ राशिको सेरालुङहँछा अक्षयकोष र ५१ हजार रुपैयाँ राशिको स्वर्गीय दैवप्रसाद–तुलसा स्मृति अक्षयकोष स्थापना गरिएको हो ।

यस्तै २०७२ सालमा एक लाख रुपैयाँ राशिको स्वर्गीय चिमा राई स्मृति क्षयकोष, २०७५ सालमा ५५ हजार पाँच सय ५५ रुपैयाँ राशिको स्वर्गीय विद्याकुमारी कार्की स्मृति अक्षयकोष, २०७५ सालमा नै ५१ हजार रुपैयाँ राशिको स्वर्गीय भीमप्रसाद घिमिरे स्मृति अक्षयकोष, २०७६ सालमा एक लाख एक हजार रुपैयाँ राशिको स्वर्गीय जसमान–जयमति राई स्मृति अक्षयकोष स्थापना गरिएको थियो । विसं २०७८ मा दुई लाख २२ हजार दुई सय २२ रुपैयाँ राशिको स्वर्गीय असुनमाया राई स्मृति अक्षयकोष, सोही वर्ष ५० हजार रुपैयाँ राशिको स्वर्गीय आमा–छोरा स्मृति अक्षयकोष र २०७९ सालमा ७१ हजार एक सय ११ रुपैयाँ राशिको स्वर्गीय दीपबहादुर–नैनकुमारी श्रेष्ठ स्मृति अक्षयकोष स्थापना गरिएको हो ।

विद्यालयमा स्थापना भएको १२ वटा अक्षयकोषको सावाँब्याज गरी १७ लाख ३० हजार दुई सय ९९ रुपैयाँ पुगेको विद्यालयका शिक्षक एवम् अक्षयकोष व्यवस्थापन समितिका संयोजक यादवप्रसाद घिमिरेले जानकारी दिए । अक्षयकोषबाट आएको ब्याजमध्ये एक लाख तीन हजार रकम यस वर्षको वार्षिकोत्सवमा कक्षा ६ देखि कक्षा १२ सम्मका विद्यार्थीलाई छात्रवृत्ति वितरणका लागि छुट्याइएको जनाइएको छ ।

अक्षयकोषमा जम्मा भएको रकम वार्षिक १८ प्रतिशत ब्याज लगाएर नौ प्रतिशत छात्रवृत्ति र नौ प्रतिशत कोषमा जम्मा गर्ने गरिएको विद्यालयका प्रधानाध्यापक पूर्णकुमार राईले जानकारी दिए । चन्दा सङ्कलन र अक्षयकोषबाट कक्षा ११ र १२ सञ्चालन गरिएको विद्यालयमा तीन सय ६१ जना विद्यार्थी अध्ययनरत छन् । चार दिनसम्म मनाइने ६४औँ वार्षिकोत्सवको औपचारिक शुभारम्भ जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर गरेका छन् । निकै तामझामका साथ उद्घाटन गरिएको कार्यक्रमको पहिलो दिन अक्षयकोष स्थापनाका साथै नगरपालिकास्तरीय अन्तरमावि छात्र भलिबल प्रतियोगिताको प्रारम्भ गरिएको छ ।

यसैबीच, वडा नम्बर ५ लफ्याङले विद्यालयको वार्षिकोत्सवका अवसर पारेर त्यहाँ अध्ययनरत बाल विकास केन्द्रदेखि कक्षा १२ सम्मका तीन सय ६१ जना छात्रछात्रालाई ट्र्याकसुट वितरण गरेको छ । वडा कार्यालयले विनियोजन गरेको छ लाख रुपैयाँ बजेटबाट खरिद गरिएको ट्र्याकसुट वडामा सञ्चालित अन्य विद्यालयका विद्यार्थीलाई समेत वितरण गरिएको वडाध्यक्ष एवम् नगर प्रवक्ता दिनेश घिमिरेले जानकारी दिए । रासस

# ‘तराई–मधेश एकीकृत प्राधिकरण स्थापना आवश्यक’

*‘मधेशको जनसंख्या मुलुककै आधाभन्दा धेरै छ । तर, यहाँका जनताको आर्थिकस्तर र उत्थान हुन सकिरहेको छैन’, उनले भने, ‘पार्टीको राष्ट्रिय सम्मेलनले प्राधिकरण स्थापना गरेर जनजीविकालाई सुधार्नुपर्ने निर्णय गरेको छ ।’*

**मधेशदृष्टि**
**वीरगंज ।**

यहाँ सम्पन्न राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालको दुईदिने तराई–मधेश राष्ट्रिय सम्मेलनले ‘तराई–मधेश एकीकृत प्राधिकरण’ स्थापना गर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ । तराई–मधेशको उत्थान र जनताको आर्थिकस्तर उकास्न उक्त प्राधिकरण स्थापना आवश्यक रहेको राप्रपाको ठहर छ । राप्रपा नेपालका अध्यक्ष कमल थापाले बुधबार आयोजित पत्रकार सम्मेलनमा तराई–मधेशका २१ जिल्लाका जनताको उत्थान र आर्थिकस्तरमा सुदृढीकरण गर्न एकीकृत प्राधिकरण स्थापना गर्नुपर्ने निर्णय सम्मेलनले गरेको जानकारी दिए । ‘मधेशको जनसंख्या मुलुककै आधाभन्दा धेरै छ । तर, यहाँका जनताको आर्थिकस्तर र उत्थान हुन सकिरहेको छैन’, उनले भने, ‘पार्टीको राष्ट्रिय सम्मेलनले प्राधिकरण स्थापना गरेर जनजीविकालाई सुधार्नुपर्ने निर्णय गरेको छ ।’ अध्यक्ष थापाले हाल तराई–मधेशको विकासका लागि नगण्य बजेट विनियोजन हुँदै आइरहेको बताए । आगामी दिनमा जनसंख्याका आधारमा बजेट विनियोजन हुनुपर्ने उनको धारणा छ । सम्मेलनले तराई मधेशको सांस्कृतिक विविधतालाई अझ




विस्तार गर्न मैथिली, भोजपुरी, अवधि र थारु भाषाको संरक्षण र सम्वर्द्धका लागि मातृभाषा संरक्षण आयोग गठन गर्नुपर्ने निर्णय पनि गरेको छ । अध्यक्ष थापाले तराई–मधेश मुलुककै अन्नभण्डार भएकाले यहाँको कृषि र सिँचाइको एकीकृत योजना अघि बढाउने निर्णय गरेको जानकारी दिए । त्यसैगरी राप्रपा नेपालको राष्ट्रिय सम्मेलनले आगामी पुसमा सुनसरीको चतराधामदेखि त्रिवेणीधामसम्म पार्टीको जनजागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । सम्मेलनमा दुई सय बढी पार्टी प्रतिनिधिको सहभागिता रहेको थियो ।

एक फरक प्रशंगमा उनले जेलमा बस्नुपर्ने डरले रातारात सत्ता परिवर्तन गर्दै सिंहदरबारमा आसिन भएका नेताहरूको कारण देशलाई संकटमा फस्न बाध्य बनाइएको आरोप लगाए । अध्यक्ष थापाले राजतन्त्रको अन्त्य गरेर गरिबी निवारण र आर्थिक समृद्धिको नारा दिएका नेताहरू गणतन्त्रको नाममा लुटमा व्यस्त भएको र देशका हजारौं युवा रोजगारीका लागि विदेश जान बाध्य भएकोमा दुख व्यक्त गरे ।

उनले मिटरब्याजी र सहकारी पीडितहरू सडकमा संघर्ष गरिरहेका बेला नेताहरू सिंहदरबारमा मात्र योजना बनाइरहेको आरोप लगाउँदै सत्ता सन्तुलनको लागि कांग्रेस र एमालेबीचको गठबन्धनले देशमा भ्रष्टाचार बढाएको बताए । भुटानी शरणार्थी प्रकरणमा मुछिएका नेताहरूको संसद्मा सभ्य भाषण सुनेर आफुलाई आश्चर्य लागेको समेत थापाले बताए । साथै, पार्टी उपाध्यक्ष धीरेन्द्र झा ‘मैथिल’ले नेपालमा पनि भ्रष्टाचारविरुद्ध बङ्गलादेश जस्तै जनआन्दोलन आवश्यक रहेको भन्दै जनतालाई आन्दोलनको लागि तयार हुन आह्वान गरे । वरिष्ठ उपाध्यक्ष राजीव पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा रामनरेश यादव, दीपेन्द्रबहादुर सिंह, शम्भु चौरसिया लगायतका नेताहरूको उपस्थिति रहेको थियो । मंगलबार र बुधबार गरी दुई दिनसम्म चलेको सम्मेलनमा तराई–मधेसका २२ जिल्लाका नेता तथा कार्यकर्ताहरू सहभागि थिए ।

# पर्साका ६ वटा सरकारी कार्यालयमा ३२ जना कर्मचारी अनुपस्थित




**मधेशदृष्टि**
**वीरगंज ।**

सेवाग्राहीको अत्यधिक चाप हुने पर्सा जिल्लाका सरकारी कार्यालयका कर्मचारीहरू कार्यालयमा अनुपस्थित रहेको पाइएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले गरेको छड्के निरीक्षणमा ६ वटा कार्यालयमा ३२ जना कर्मचारी अनुपस्थित फेला परेका हुन् । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले कार्यालय प्रमुख र कर्मचारीहरू नियमित रूपमा उपस्थित नहुने जनगुनासो आएपछि अनुगमन टोली खटाइएको जानकारी दिए । उनले नमुना निरीक्षणको क्रममा सरकारी कार्यालयहरूको स्थिति सन्तोषजनक नभएको टिप्पणी गरे । अधिकारी अर्यालका अनुसार प्रादेशिक कार्यालयहरूमा सम्बन्धित प्रादेशिक मन्त्रालयलाई जानकारी गराई गयल भएका कार्यालय प्रमुखलाई स्पष्टीकरण सोध्ने र अन्य अनुपस्थित कर्मचारीहरूमाथि कारबाहीका लागि कार्यालय प्रमुखलाई निर्देशन दिइनेछ । जनसम्पर्क बढी भएको र गुनासो आउने कार्यालयहरूको नियमित अनुगमन गरेर कार्यालय समयमा अनुपस्थित हुने तथा पोसाक नलगाउने कर्मचारीहरूमाथि कारबाहीका लागि सिफारिस गरिने उनले बताए । निरीक्षण टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी निशान राज गौतम र सुमन कुमार कार्की सहभागी थिए । टोलीले भूमिसुधार तथा मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, सघन सहरी तथा भवन निर्माण कार्यालय, नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्र, स्वास्थ्य कार्यालय र डिभिजन वन कार्यालयको निरीक्षण गरेको थियो । निरीक्षणका क्रममा यातायात व्यवस्था कार्यालय पर्सामा सबैभन्दा बढी ११ जना अनुपस्थित रहेको पाइएको थियो । भूमिसुधार तथा मालपोत कार्यालयका २१ जना कर्मचारी कार्यालय समय भन्दा ढिलो आएको देखिएको छ । दरबन्दीअनुसार ५१ जना कर्मचारी कार्यरत रहे पनि सोमबारको निरीक्षणमा ४ जना बिदामा र ३ जना बिना जानकारी अनुपस्थित रहेको पाइएको थियो । प्राधिकरणको वीरगंज वितरण केन्द्रमा ई–हाजिरी प्रणाली लागू भए पनि निरीक्षण टोलीलाई हाजिरीको विवरण उपलब्ध नगराइएको कारण सबै कर्मचारीको उपस्थिति विवरण प्राप्त हुन नसकेको जनाइएको छ । जिल्ला प्रशासन कार्यालय पर्साका खरिदार कृष्ण प्रसाद कुशवाहाका अनुसार ढिलो आउने कर्मचारीलाई पुनः समय पालनाको चेतावनी दिइएको छ भने ढिलाइ गर्दा कारबाही गरिने जनाएको छ ।

# हेटौंडाले जित्यो कटहरिया मेयर कपको उपाधि

**सञ्जय मिश्रा**
**रौतहट ।**

रौतहटको कटहरिया नगरपालिका स्थित सिजन २ मेयर कप टि–२० नक आउट क्रिकेट टुर्नामेनट प्रतियोगितको पुरस्कार हेटौंडा क्रिकेट टिमको कब्जामा गएको छ । हेटौंडा क्रिकेट टिम र कटहरिया टीम बिच भएको फाईनल खेलमा हेटौंडा टीमले कटहरिया टीम लाई ५ विकेटले पराजित गर्दै विजयी भएको हो ।

फाईनल खेलमा कटहरिया क्रीकेट टिमले टस जितेर पहिले ब्याटिङ गर्दै २० ओभरको खेलमा १६ ओभर खेल्दै सबै विकेट गुमाएर मात्र ८५ रन बनाएको थियो ।

८६ रनको विजयी लक्ष्य सहित मैदानमा उत्रिएका हेटौंडा टिमले १५ ओभर खेल्दै ५ विकेटको क्षतिमा लक्ष्य पूरा गरेको थियो ।

खाईनल खेलमा हेटौंडा क्रीकेट टिमका ब्याट्सम्यान रोहित ठाकुर लाई म्यान अफ द म्याच र कटहरिया टिमका बौलर भोला मल्ली लाई म्यान अफ द सिरिज घोषणा गरिएको छ ।

कटहरियाका मेयर अजय प्रकाश जयसवालले बिजेता हेटौंडा टीम लाई प्रथम पुरस्कार ५५ हजार, दोस्रो पुरस्कार कटहरिया टीम लाई ३१ हजारको चेकका साथै सिल्ड कप र प्रमाणपत्र प्रदान गरेका थिए ।

कटहरिया टीम फाईनल खेलमा बिजयी हुने आशा गरिए पनि केही खेलाडीको अनुशासन हिन गतिविधिको कारण अपेक्षा अनुसार खेल्न नसकेको दर्शकहरुले गुनासो गरेका छन् ।

पुरस्कार बितरण कार्यक्रममा मेयर जयसवालले खेलको माध्यमले गाउँ घरका खेलाडीहरु अन्तरराट्रिय स्तरमा नेपालको नाम चिनाउन सफल भएकाले गाउँ घरमा लुकी बसेका प्रतिभा लाई प्रतियोगिताको माध्यमले अवसर प्राप्त हुनेमा आफू विश्वस्त रहेको बताएका थिए ।

क्रिकेट खेल प्रतिभा प्रदर्शन,मनोरंजन संगै युवाहरुको स्वास्थ्यको लागि पनि त्यतिनै फलदाईका रहेकाले दोस्रो पटक मेयर कप प्रतियोगिताको आयोजना गरेको मेयर जैसवालले जानकारी गराएका थिए ।

उक्त अवसरमा मेयर अजय प्रकाश संगै प्रमुख प्रशासकीय



अधिकृत रामजी जोशी,माबि कटहरियााका प्रध्यानध्यापक सचिन्द्र प्रसाद यादव, माबी भसेढवाका प्रधानाध्यापक राम मंगल यादव, नगर शिक्षा संयोजक अनिल कुमार निधि, नगर कार्यापालिका सदस्य मनोज जयसवाल, वडा अध्यक्षहरु,जनप्रतिनिधी ,खेलप्रेमी र सैयौं स्थानियहरुको उपस्थित रहेको थियो ।

गत १६ गते देखी भएको क्रिकेट टुर्नामेन्टमा गरुडा क्रीकेट क्लब ,बारा सिम्रोनगढ क्रिकेट टिम, कटहरिया टीम , यु. सि.सि.कल्ब बिरगंज , पेस फाउन्डेसन जनकपुरधाम , चन्द्रनिाहपुर टीम, हेटौंडा टीम गरी कुल ८ वटा क्रीकेट टिम बिच प्रतियोगिता भएको आयोजक समितिका राजेश कुमार साहले बताएका छन् ।

कटहरिया नगरपालिकाको आयोजनामा २०८० साल देखि मेयर कप टि–२० नक आउट टुर्नामेनट खेल हुँदै आएको छ ।

# अनैतिक कार्यमा संलग्न १२ जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**

जिल्ला प्रहरी कार्यालय पर्साले अनैतिक कार्यमा संलग्न सात जना महिला सहित १२ जनालाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा वीरगंज महानगरपालिका वडा नम्बर १६ ईनर्वा भन्सार वरीपरी रहेका विभिन्न होटलहरुबाट प्रहरीले सात जना महिला र पाँच जना पुरुष गरी १२ जनालाई पक्राउ गरेको हो ।

होटलहरुमा अनैतिक क्रियाकलाप भइरहेको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय विर्ताको टोलीले अनुगमन गर्ने क्रममा १२ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक भारतीले जानकारी दिए । उनका अनुसार वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक निरोज चौलागाइ नेतृत्वको टोलीले ईनर्वा र भन्सार क्षेत्रका शंकास्पद स्थानमा र विभिन्न होटलहरुमा अनुगमन गर्ने क्रममा उनीहरुलाई पक्राउ गरिएको हो ।

अनैतिक गतिविधि रोकथाम र समाजलाई सचेत बनाउने उद्देश्यले यो अनुगमन गरिएको प्रहरी निरीक्षक चौलागाइले बताए । स्थानीयको गुनासोका आधारमा र अपराध नियन्त्रणको पहलस्वरूप वडा प्रहरी कार्यालय विर्ताले प्रभावकारी कदम चालेको हो । उनीहरुलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता भारतीले जानकारी दिए ।

# ट्रक र मोटरसाइकल ठोक्किँदा एकजना घाईते

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजको ४० फिटको सडकमा ट्रक र मोटरसाईकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाईकल चालक घाईते भएका छन् । वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवा स्थित ४० फिटको सडकमा ना ६ ख ४७८७ नम्बरको डिब्बा ट्रकको पछाडि ना ५४ प ५६ नम्बरको पल्सर मोटरसाईकल ठोक्किँदा भएको दुर्घटनामा मोटरसाईकल चालक घाईते भएका हुन् । घाईते हुनेमा पर्साको पर्सागढी नगरपालिका वडा नम्बर ८ हरपुर बस्ने धुरुप प्रसाद कुर्मीको २६ बर्षीय छोरा नितेज कुमार पटेल रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक भारतीले जानकारी दिए । घाईते पटेललाई उपचारका लागि नारायणी अस्पतालमा भर्ना गरिएको छ । प्रत्यक्षदर्शीका अनुसार ट्रक र बाइक तीव्र दुवै एउटै दिशाबाट गईरहेको र दुवै तीब्रगतिमा रहेकोले दुर्घटना भएको हो ।

ट्रकका चालक मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडा नम्बर २ का सुवास रुम्बालाई प्रहरीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।




नेपालका लागि आधिकारिक बिक्रेता : देवकी ट्रेडर्स
मो. 9855021614

# आशा पार्टीको उपाध्यक्षमा विभूति

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**

भारत बिहारको आशा पार्टीको राष्ट्रिय उपाध्यक्षको जिम्मेवारी उपेन्द्रकुमार विभूतिलाई दिइएको छ । उनलाई पार्टीको प्रवक्ता समेत जिम्मेवारी दिइएको पार्टीका राष्ट्रिय अध्यक्ष पूर्व आईएएस आर.सी.पी. सिन्हाले घोषणा गरेका हुन् । आशा पार्टीको उपाध्यक्ष एवम् प्रवक्ताको जिम्मेवारी पाएका विभूतिले राष्ट्रिय अध्यक्ष सिन्हा तथा अन्य मनोनीत पदाधिकारीहरूलाई धन्यवाद तथा बधाई ज्ञापन गरे । सुरेन्द्र प्रसाद, सुधीर मालाकार, मयंक विभूति, शेखर कुमार, निरञ्जन प्रसाद, मुकेश कुमार, सुधीर कुमार लगायतले उपाध्यक्ष विभूतिलाई बधाई तथा कार्यकालको शुभकामना दिएका छन् । विभूतीले राष्ट्रिय उपाध्यक्ष तथा प्रवक्ता बनाएकोमा राष्ट्रिय अध्यक्षज्ञ प्रति आभार व्यक्त गरेका छन् ।



उनले पार्टीको सङ्गठनसँगै पार्टीका हरेक उद्देश्य पूरा गर्ने बताए । जनताको सुख दुःखमा साथ दिने काम यही पार्टीले मात्र गर्ने उनले दाबी गरे । उनले बिहार र आशा पार्टी मात्र देशका लागि आशाको किरण बन्ने बताए । विभूतिले बिहारलगायत देशका युवाका लागि रोजगारी र रोजगार सिर्जना गर्न आशा पार्टीले काम गर्ने बताए । उनले बिहारमा आशा पार्टीको सरकार बनेको खण्डमा बिहारको कायापलट हुने दाबी गरे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन